# प्राचीन नेपाल

पुरातत्व विभागको द्वैमासिक मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या ४३-४५

पौष २०३४–जेष्ठ २०३५

Number-43-45

Dec. 1977-May 1978

सम्पादक

रमेशजङ्ग थापा

Edited by

*Ramesh Jung Thapa*

प्रकाशक

श्री ५ को सरकार

शिक्षा मन्त्रालय, पुरातत्व विभाग

काठमाडौं, नेपाल

**Published by**

The Department of Archaeology

His Majesty's Government

Kathmandu, Nepal

प्राप्ति स्थान:–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok, Lalitpur

मूल्य रू. ५।–

Price Rs. 5/-

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
संख्या ४३-४५
पौष २०३४-जेष्ठ २०३५

# Ancient Nepal

Number 43-45
Dec. 1977-May 1978

सम्पादक
रमेशजङ्ग थापा

*Editor*
**Ramesh Jung Thapa**

# विषय–सूची
# Contents

पृष्ठ

उत्तर प्राचीनकालीन नेपालको प्रशासन दिग्दर्शन — १
हरिराम जोशी

लिच्छवि संवत्को निष्कर्षमा अनुसन्धानको बाटो — १२
शंकरमान राजवंशी — १५

ऐतिहासिक पत्र स्तम्भ

वराहक्षेत्रको प्राचीनतम वराहमाथि एक संक्षिप्त टिप्पणी — १६
रमेशजंग थापा

अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय — २२
शंकरमान राजवंशी

## English Section

Page

The Outcomes of Scientific Mission to Nepal in Brief — 1
*Prof. Dr. schetenko*

114 EP

CORNELL UNIVERSITY LIBRARIES ITHACA, N.Y.

# उत्तर प्राचीनकालीन नेपालको प्रशासन दिग्दर्शन

-हरिराम जोशी

नेपालको इतिहासको प्रारूपसंगै नेपालको प्रशासनिक गतिविधिको बारे पनि धेरै कुरो थाहा पाउन सकिन्छ। प्राचीन कालदेखिनै नेपालमा राजतन्त्रात्मक शासन व्यवस्था कायम भएको थियो। नेपालका अधिकांश वंशावलीहरूको अध्ययनमा नेपालमा सर्वप्रथम शासन गर्ने वंश गोपाल वंश रहेको छ। गोपालराज, कर्क पैट्रिक, राइट आदि सबै वंशावलीहरूले गोपाल वंशको जम्मा आठ पुस्तासम्म शासन चलाएको कुरा उल्लेख छन्। यो गोपाल वंशको नामको प्राप्तिले नेपालको इतिहासमा सर्वप्रथम वैदिक वैष्णव धर्मको प्रभाव दृष्टिगोचर हुन्छ। किनभने ऋग्वेदमा विष्णु गोपा नामले विख्यात छ। फेरि, ऋग्वेदमा राजा गोपा जनस्यनामले पुकारिन्छ जसको अर्थ छ दुनियाँका रक्षक। यसरी नेपालको इतिहासको उषाकालदेखि नै राजालाई दैववत् मान्ने परम्परा चल्दै आएको कुरा जानिन्छ।

गोपाल वंशको पछि आभीरवंशले नेपालमा शासन चलाएको देखिए तापनि नेपालको प्रशासनिक गतिविधिको बढ्ता ज्ञान हामीलाई किरातकालदेखिको प्राप्त हुन्छ। किरातीहरू खाली लडाका मात्र थिएनन्। वरन् तिनीहरू एक योग्य शासनको प्रतिपादक पनि रहेका थिए। तिनीहरूको शासनमा स्त्री एवं पुरूषमा समानताको वर्ताव थियो। लडाईमा जौदातक स्त्रीहरू पुरूषका सहगामिनी बन्थे। यस तथ्यको पत्तो निम्न पंक्तिबाट हुन्छ।

> "स्त्रीयो हि दासमायुधानि चक्रे
> कि मा करन्नवला अस्य सेजाः।
> अन्तर्ह्यख्यदुभे अस्य धे
> अथोप प्रैथुधये दस्युमिन्द्रः ।।९।।"
> – ऋ ५।३०

अर्थात्- "दासले स्त्रीहरूलाई सैनिक गराए, यिनको अवला सेनाले मेरो के गर्न सक्छ ? इन्द्रका यी दुई स्वर प्रसिद्ध भए। तव दाससंग लड्न अगाडि बढे।" यस तथ्यलाई किरात स्त्रीहरूको स्वभावले पनि पुष्टि गर्दछ। यसरी आधुनिक युग तक पनि सभ्य कहलिएका युरोपेली मुलुकहरूमा नारी माथि असमान व्यवहार गरिएको प्रमाण प्राप्त भएको छ त संसारकै लागि किरात प्रशासनको यो एक महत्त्वपूर्ण देन अवश्य मान्न सकिन्छ।

फेरि, किरात प्रशासन पञ्चायती व्यवस्थामा आधारित थियो। यस बारे थाहा लिने कुनै ठोस ऐतिहासिक प्रमाण अहिले प्राप्त नभए तापनि किरातीहरूमा प्रचलित विभिन्न शब्द तथा जनश्रुतिहरूले यसलाई प्रमाणित गरेका छन्। नारदमुनी थुलुङद्वारा लिखित किरात समाजमा पञ्चायती परम्परा विषयक लेखहरूको अध्ययनमा यस कुराको स्पष्ट जानकारी मिल्छ।

किरात प्रशासनले नेपालको आर्थिक प्रशासनमा पनि पूरा ध्यान दिएका थिए। त्यस समय नेपालको आर्थिक समुन्नति यथेष्ट मात्रामा भएको पाइएबाट उक्त कुरोको पुष्टि हुन्छ। चतुर्थ शताब्दी ई. पू. को कौटिल्य विरचित अर्थशास्त्र तथा छैठौं शताब्दी ई. तिर आचार्य जिनमित्रद्वारा रचित मूलसर्वास्तिवाद विनय ग्रन्थबाट पूर्व प्राचीनकालीन नेपालमा उद्योग एवं वेपारको राम्रो समुन्नति रहेको कुरा चाल पाइन्छ। कौटिल्यले नेपालमा तयार भएको राढिको वेपार पाटलीपुत्रमा हुने कुराको उल्लेख गरेको छ।

> "अष्टप्लोतिसङ्घात्या कृष्णा भिङ्गसी वर्षवारणम्,
> अपसारक इति नेपालकम्।"

—अर्थशास्त्र, २ अधिकरन, ११ अध्याय २९ प्रकरन, त्यस्तै जिनमित्र रचित उक्त मूल सर्वास्तिवाद विनय ग्रन्थले छैठौं शताब्दी ई. पू. तिर श्रावस्तिका वेपारीहरूको नेपालमा वेपारीक कार्यको लागि आवतजावत रहेको कुरा उल्लेख छ। यसरी त्यस समय नेपालको वेपार सुदूर भारतका इलाकाहरूसम्म फैलिएको ऐतिहासिक सामग्रीहरूलें प्रस्तुत गरेबाट पूर्व प्राचीन कालदेखि नै नेपाल एक औद्योगिक साथै वेपारीक मुलुक रहेको कुरा स्पष्ट दर्शाएको छ। औ त्यस समय नेपाल एक व्यापारीक केन्द्रको रूपमा रहेको कुरा प्रमाणित गरेको छ। फेरि, यहां त्यस समय वेपारी-हरूको आवतजावतको प्रचुरता हुनुको साथै मगधसम्राट अजात शत्रुद्वारा धपिएका लिच्छवि, शाक्य, वज्जि आदि विभिन्न जातिहरूको प्रवेश तथा विस्तार-त्रिस्तार तिनीहरू-को आपसी सम्मीश्रणले एक भिन्नै जातिको सिर्जनाको साथै संस्कृतिको उदय भएर यसको आफ्नै मौलिक जातीय राष्ट्रियताको विकास हुन लागेको थियो।

पुरातात्विक नेपालको प्रारुप भएदेखि अर्थात् चौठौं, पाचौं शताब्दी ई. मै नेपालमा राजाको दैविक सिद्धान्तको प्रचलन पाइन्छ। राजसूर्य (राज्याभिषेक) यज्ञ गर्दा राजाले वाघको छालामा तीन पाइला राख्ने विधान छ जो दैत्यराज बलिद्वारा त्रिलोकको उद्धार गर्नको लागि विष्णुले तीन पाइला चाली त्रिभुवनको महती उपकार गरेको कुराको प्रतीक स्वरूप छ। पांचौं शताब्दी ई. को एक अभिलेखमा विष्णुको उपरोक्त उपाख्यानको सार अंश संक्षिप्त रूपमा वर्णित छ।

> 'सिद्धम्।
> श्रियमभिमतभोग्यां नैककालापनीतां
> त्रिदशपति—सुखार्थं यो वलेराजहार।
> कमल—निलयनायाः शाश्वतं धामलक्ष्म्याः
> स जयति विजितार्त्तिविष्णुरत्यन्त-जिष्णुः।१"
> —जुनागढ अभिलेख, गु. सं. १३६,१३७,१३८

अर्थात्— "इच्छापूर्वक भोग्न योग्य भएकी हर तरह-को प्रयत्नले धेरै समय खर्च गरेर मात्र प्राप्त भएकी लक्ष्मी (राज्य ऐश्वर्य) लाई सुरराज इन्द्रको सुखको कारण जसले बलिबाट फर्काएर ल्याए, कमलनै वासस्थान भएकी लक्ष्मी-को अविनाशी नित्य आश्रय भएका ज्यादैं विजयशील दुःख पीडा नाश गर्ने ती विष्णु सबै भन्दा ठूला छन्।"

उत्तर प्राचीनकालीन अर्थात् पाँचौं, पाँचौं तथा अनुमानित आठौं शताब्दी ई.का त्रिविक्रम विष्णुका मूर्तिहरू पशुपति तिलगङ्गा, लाजिम्पाट तथा साखु चागुंमा पाइ-एका छन्। यसको अनन्तर त्रिविक्रम विष्णुका मूर्तिहरूको निर्माण क्रम अठारौं शताब्दी ई. सम्म पनि नेपालमा हुँदै रहेको कुरो उक्त शताब्दी ई. का त्रिविक्रम विष्णु मूर्तिहरू ल. पू. मंगल बजार तथा साखुंमा अकैं उदाहरणको रूपमा देख्न सकिन्छ। यसरी पुरातात्विक आधारमा राजालाई बिष्णुको रूपमा मानिने परम्पराको प्राचीनता सहजै अनुमान गर्न सकिन्छ।

उत्तर प्राचीन कालका राजाहरूको प्रशस्तिस्वरूप भट्टारक शब्दको प्रयोग पाइन्छ। अब यो भट्टारक शब्दको उद्भव कहाँ छ भन्ने कुरामा विचार गरिनु आवश्यक छ। नेपाल एवं भारतको सांस्कृतिक प्रभाव अन्तर्गत रहेको जावामा सर्व साधारण जनतामा ज्यादै पूजित एक देवता विशेषको नाम भटार रहेको छ। सम्भवतः यो शब्द भट्टारकको अपभ्रंश स्वरूप छ। उक्त भटार देवतालाई जावाका मानिसहरू भिन्न-भिन्न देवताको नामले पूजा गर्दछन्। कसैले यिनलाई ब्रह्मा, कसैले ऋषि अगस्त्य र कसैले शिवस्वरूप मान्छन्। यसरी भटार शब्दले देवता-लाई बुझाउने कुरा जानिएर उत्तर प्राचीन कालमा राजा-लाई देवताको रूपमा मानिने कुरा निश्चित प्राय देखिन्छ। फेरि, उत्तर प्राचीनकालीन अभिलेखहरूमा राजाको प्रशस्तिस्वरूप परमदैवत, परमेश्वर आदि शब्दहरूको प्रयोग देखिएकोले पनि उक्त कुरोको पुष्टि हुन्छ।

उत्तर प्राचीन कालमा राजाको दैविक सिद्धान्तको अत्यधिक प्रचार भएको थियो। चौथौं शताब्दी ई. को प्रयोग स्तम्भाभिलेखमा गुप्त सम्राट समुद्र गुप्तलाई पृथ्वीमा ईश्वरको अवतरणको रूपमा वर्णन छ।" लोक-धाम्नो देवस्य"— प्रयाग स्तम्भलेख। यसको अतिरिक्त उक्त स्तम्भलेखमा समुद्र गुप्तलाई कुवेर, वरूण, इन्द्र, यम आदि देवताहरूसित तुलना गरिएको छ जसले राजाको दैविक सिद्धान्तको खुला समर्थन गर्दछ। फेरि, छैठौं शताब्दी ई. को सिंहवर्मनको नरसरावपेट ताम्रलेखमा राजालाई पांचौं लोकपालको रूपमा उल्लेख गरी राजाको दैविक सिद्धान्तको पुष्टि गरेको छ।

साहित्यिक एवं पुरातात्विक दुवै आधारबाट नेपालको

उषाकाल देखिनै नेपालमा राजतन्त्रात्मक व्यवस्था कायम भएको देखिए र राजानै शासनको मुख्य केन्द्र विन्दु मानिँदै आएको छ। शासनको सर्वोच्च शक्ति राजा मैं निहीत छ। यही नै कारण छ राजालाई ऋग्वैदिक समयदेखि नै "गोपा जनस्य"– ऋग्वेद ३.४३.५ भनी उल्लेख गरी दुनियाँको रक्षकको रूपमा स्वीकार गरेका थिए। यसरी वाह्य दृष्टिले हेर्दा राजाहरू निरंकुश शासन जस्तो देखिन्छ। तर, यथार्थता वास्तवमा भिन्नै छ। राजाले कुनै पनि कार्य गर्दा भारदारहरूको सल्लाह अनुसार कार्य गर्नु राजाको लागि अत्यावश्यक थियो। कौटिल्यको अनुसार राजवृत्ति तीन प्रकारका छन्- प्रत्यक्ष, परोक्ष र अनुमेय। सबै काम एक साथ हुंदैन। राजकर्म धेरै भएर धेरै ठाउँमा हुन्छन्। यसर्थ राजाले मात्र सम्पूर्ण राजकर्म एक्लै चलाउन सक्तैनन्। जसको कारण, अमात्य मन्त्रीहरूको नियुक्ति अत्यावश्यक हुन्छ जसले परोक्ष र अनुमेय राजकर्महरूको सम्बन्धमा खास तवरले राजालाई परामर्श दिंदै रहन्छन्। राज्य कार्य सहायताको विना सिद्ध हुन सक्तैन। यसैले राजाले सचिवहरू नियुक्त गरी तिनीहरूको रायलाई सुन्न जरूरी छ। सम्राट अशोकका शिलालेखहरूमा उत्कीर्ण परिषा शब्दले राज्य कार्यमा राजालाई परामर्श दिने मन्त्री-परिषदको स्मरण गराउँदछ। तामिल साहित्यमा राज कार्यमा साथ दिने मन्त्रीहरूको नाम पनि दिइएको छ। मुटुरैक्कन्जि नामक तामिल ग्रन्थमा पुरोहित, सेनापति, मन्त्री, राजदूत र प्रणिधि समेत गरी राजालाई राजकार्य-मा साथ दिने महान् पञ्च समूहको नाम प्रकाशित छ। भारतमा शक शासकहरूले राजकार्यमा पनि सचिव र कर्म सचिवहरूका सहयोगले शासन गर्ने गरेको कुरा रूद्रदामन प्रथम जुनागढ अभिलेखबाट जानिन्छ। यादव रिकार्डमा राजाले मन्त्रीसितको पूर्व सल्लाहको अनन्तर मात्र गरेको कुरा उत्कीर्ण छ।

"श्री सेउणारव्येन नृपेण प्रधानयुक्तेन विचार्य हट्टद्वयं दत्तम् ॥"

भारतको चोल राज्यमा कुनै पनि राजाज्ञा मन्त्रीको हस्ताक्षर विना जारी हुन सकिंदैनथ्यो। यसबाट यही निष्कर्ष निस्कन्छ कि मन्त्रीसितको परामर्श राजाको लागि अत्यावश्यक थियो र प्रत्येक राजाज्ञाको अन्तिम उत्तर-दायित्वै राजाको अतिरिक्त त्यसका मन्त्री माथि पनि रहन्थ्यो। उपरोक्त विभिन्न आधारहरूबाट राजाले मन्त्री-को सल्लाह लिई अर्थात् उनीहरूसित एकमती भइ शासन गर्नु प्राचीन परम्परानुकूल नै रहेको छ। यसै तथ्यको अनुसरणमा उत्तर प्राचीनकालीन नेपालका राजाहरूले निरंकुश बन्नुको साटो भारदारहरूको सहयोग शासन गर्ने गरेका थिए। मानदेव प्रथमका बाजे शंकरदेवले राजकार्य चलाउँदा तहमा रहेका भारदारहरूद्वारा पृथ्वीको रक्षा गरेको भन्ने कुरा शक संवत् ३८६ का चागु विजयस्तम्भ लेखमा स्पष्ट वर्णित छ जसको कुरूलको स्वयं शंकरदेव कालीन स्वयम्भू अभिलेखका विनीत भृत्य शब्दमा स्पष्टतः भेट्टिन्छ। शक संवत् ४५४ का बलम्बु चौकियरका अभि-लेखमा भट्टारक महाराज श्री वसन्तदेवले ग्रामवासीहरूलाई निगाह गर्दा सर्वदण्डनायक महाप्रतिहार र विगुप्त तथा महाराज महासामन्त श्री क्रमलील सित मिलेर गरेको भन्ने कुरालाई पनि यसै सन्दर्भमा लिन सकिन्छ। यद्यपि जी मन्त्रीहरू राजा प्रति जिम्मेदार थिए, तिनीहरूले विधि एवं परम्परा, रिवाजको विरूद्ध राजाको स्वेच्छाचारीता माथि थोरबहुत अवश्य नियन्त्रण गर्दथे। अधार्मिक र अत्याचारी राजाहरू दुनियाँको सामु ज्यादै निन्दीत हुन्थे।

"आविर्भूतावलपैरविनयपटुभिर्लङ्घिताचारमार्गे।
मोहादैर्दयुगीनैरपशुभमतिभिः पिडयमाना नरेन्द्रैः।"

सोह्रौं शताब्दी ई. को आखिरीतिरको मल्लराजा सदाशिवमल्ललाई यद्यपि मध्यकालीन नेपालमा पनि राजा-लाई देवताकै रूपमा पूजा गर्ने चलन देखिए तापनि तिनको अत्याचारदेखि क्षुब्ध भई काठमाण्डूका दुनियाँले देशबाट धपाई पठाएका थिए जसलाई भक्तपुरका राजाले समातेर आफ्नै दरवार भित्रको भैरव चोकमा थुनेका थिए। सदाशिव मल्ललाई थुनेको हुँदा नै त्यस चोकको नाम सदा-शिव चोक हुन गएको हो।

उत्तर प्राचीनकालीन नेपालका अभिलेखहरूको अध्ययनमा त्यस समय नेपालमा स्थानीय स्वायत्त शासन व्यवस्था कायम भएको कुरा अवलोकन हुन्छ। शक संवत् ४५४ को बलम्बु चौकिटारको अभिलेखमा स्थानीय जनता-लाई प्रशासनिक कार्यमा संलग्न गराउने हेतुले भट्टारक महाराज श्री वसन्तदेवले कुवेर, शोल्ल आदि अधिकरणहरू-ले गर्दै आएका लेख्यदान, पञ्चापराध आदि जस्ता कार्य-हरूको सम्पादन काम उक्त अधिकरणहरूको अधिकारबाट

छिकेर स्थानीय जनताकै हातमा सुम्पेको कुरा स्पष्ट दृष्टिगत हुन्छ। जसले तत्समयको स्थानीय स्वायत्त शासन व्यवस्थाको झझल्को दिएको छ। यसको अतिरिक्त प्रस्तुत अभिलेखका ग्रामवासीहरूले राजकोषको लागि खेत प्रदान गरेको वर्णनले स्थानीय स्वायत शासन व्यवस्थामा स्थानीय आम्दानीको केही अंश केन्द्रीय सरकारलाई पनि बुझाउनु पर्ने अत्यावश्यकताको स्पष्टत: जानकारी दिएको छ।

उत्तर प्राचीनकालीन नेपालमा स्थानीय स्वायत्त शासन व्यवस्था स्थापित भएको कुरा माथि व्यक्त गरी सकेको छ। त्यस समय शासन चलाउने अभिभारा स्थानीय पाञ्चाली तथा धार्मिक संस्थाहरूको हातमा सुपुर्द गरेका थिए। यस तथ्यको पत्तो उत्तर प्राचीन अभिलेखहरूबाट हुन्छ। तत्कालीन अभिलेखहरूको अध्ययनमा पाञ्चालीको काम मुख्य रूपले दुई प्रकारका रहेको कुरा थाहा हुन्छ। प्रथमतः यसले पाञ्चाली क्षेत्र भित्रका झैझगडा छिनो-फानो गरी दण्ड गर्ने, लेख्यको कार्य सम्पादन गर्ने आदि-आदि स्थानीय प्रशासन कार्यको सञ्चालन गर्ने काम गर्दछ। दोश्रो यसले कुलो, पानीको वन्दोवस्त गर्नुको सार्वजनिक हितको लागि कार्य गर्नेछ। पाञ्चालीको प्रशासनिक एवं न्यायीक कार्यको वर्णन गरिएका अभिलेखहरूका केही अभि-लेखांशहरू तल प्रस्तुत गरिन्छ।

".. सीमापरिच्छिन्नस्यास्य स्थानस्य ..विधारणा दिपी-डाहेतोर्न कैश्चिद...पाञ्चालिकैरेव गृहीतो राजकुलस्यार्पणीय दण्डार्हस्य उत्तमसाहस ... तेषां पणपुराण देया ... पाञ्चालि-कानां प्रदातव्या यस्तु द्रव्यं न प्रयच्छेत्...षट्पणपुराण..."

-ज्ञानेश्वरको अभिलेख, अनुमानित सातौं शताव्दी ई. अर्थात्–"... चार किल्ला छुट्याइएको यो ठाउँको ...छेकथुन आदि दु:ख दिन कसैले पनि ... पाञ्चालिकहरूले नै समातेर राजदरबारमा बुझाउनु ... दण्ड गर्नु पर्नेलाई उत्तम साहस (दण्ड गर्नु) ... तिनीहरूलाई दिनु पर्ने पणपुराण ... पाञ्चालिकहरूलाई दिनु। जसले दिनु पर्ने रकम दिंदैन - छ पणपुराण ( दण्ड गर्नु ... )"

"... भट्टाधिकारप्रभृतीनां सर्व्वाधिकाराणामप्रवेश ... सीमनि समुपस्थितकार्याणां स्थान ... कार्याणां च स्वयं पाञ्चालिकानामेव न्यायावलोकन ...... ... व्यवहारपरिनि-ष्ठितजातं द्रव्यस्य षड्भाग पाञ्चालिकानां दातव्यं यस्तु द्रव्यं न प्रयच्छेत्स्वस्थानवास्तव्यस्यान्यस्थानीयस्य च धारणक-स्यात्रैव रोधोपरोधो भवेत्। यस्तु कुदृष्टमिति कार्यमस्य ततो रोगमाचौ दौवारिकस्यावेदनीयं तेनापि श्रीमत्पादीया-न्तरासनकरणें यथामासं रोपणीयम् .. प्रतिवर्षं स्थानदौवा-रिकस्यसणपुराणसहस्मेकं पाञ्चालिकैर्देयम् ... "

–नक्साल नारायणचौरको अभिलेख, अनुमानित आठौं शताब्दी ई, अर्थात्"... भट्टाधिकरण आदि सबै अधिकरणले पस्न नपाउने गरिएको छ। ... यस इलाकाभित्र आइपरेका मुद्दामामिलाहरू र स्थानीय ... मुद्दामामिलाहरूको स्वयं पान्चालिकहरूले नै न्यायपूर्वक हेरी छिनफान गर्नु। ... मुद्दामामिला छिन्दा उठेको रकमको ६ भाग को १ भाग पान्चालिकहरूलाई दिनु जसले दिनु पर्ने रकम दिंदैन, यस इलाकामा बस्ने वा अर्को इलाकामा बस्ने भए पनि नतिर्ने-लाई छेकथुन यहीं गर्नु। जसले मुद्दा राम्ररी हेरिएन भन्ने (उजुरी गर्छ), अनि उसको मुद्दा रोगमाचौ दौवारिक कहां दर्ता गराउनु। उनले पनि महीना दिन भित्रमा राजाको भित्री इजलाससमा जाहेरी गरी निकासा गराइ दिनु। ... प्रति वर्ष स्थान दौवारिकलाई पान्चालिकहरूले एक हजार पणपुराण बुझाउनु।"

उत्तर प्राचीन कालमा स्थानीय प्रशासनिक कार्यमा धार्मिक संस्थाहरूको पनि हात रहेको कुरा तत्समयका अभिलेखहरूले थाहा दिएका छन्। संक्षिप्त शक संवत् १०३ तथा ११९ का पशुपति वज्रवर एवं काठमाण्डू लगन बिष्णु मन्दिरका अभिलेखहरूमा स्थानीय शासनको अभि-भारा धार्मिक संस्थाहरूको जिम्मामा सुम्पेको कुरा वर्णित छ। यसरी उत्तर प्राचीन कालमा परराष्ट्र र रक्षा वाहेक अन्य प्रायश: सबै जसो शासन कार्य स्थानीय संस्थाहरूकै हातमा सुपुर्द गरिएका थिए। प्रशासनिक कार्यमा स्थानीय संस्था-हरूको हात बिशेष दृढतर भएको हुँदा तत्समय दुनियाँहरू राजाहरूका स्वेच्छाचारिताको शिकार हुन परेको थिएन।

अर्को, उत्तर प्राचीनकालीन नेपाल राज्यान्तर्गत रहे-को गोरखा इलाकाको एक अभिलेख महाराजाधिराज परमेश्वर श्री जयदेवले जनपदवासीहरूलाई कुशल मंगल सोधेर देव मन्दिरको व्यवस्था साथ भूमि प्रदान गरेको कुरा वर्णित छ। त्यस अभिलेखमा जनपद शब्दको प्रयोगले प्राचीन कालमा प्रचलित पौर जानपद व्यवस्थाको स्मरण गराउँछ। प्राचीन कालमा ठूल-ठूला साम्राज्यहरूको

अन्तर्गत पनि अनेकौं जानपदहरू हुन्थे। साम्राज्यका अन्तर्गत यी जानपदहरूको शासन प्राचीन परम्परानुसार हुन्थे। जानपदका धर्म, कानून, व्यवहार र आचारलाई केन्द्रीय सरकार खाली अक्षुण्ण मात्र राख्तैनथे, वल्कि तिनीहरूको ठीक-ठीक अनुसरण गरिनु भन्ने कुरामा पनि ध्यान दिन्थे। यी जानपदहरूबाट केन्द्रीय सरकार खाली कर उठाउँदथ्यो। जनपदको अन्तर्गत राजधानी स्वरूप एक नगर हुन्थ्यो जसलाई पुर भनिन्छ। जनपद (ग्राम) को शासन एक सभाद्वारा हुन्थ्यो जसलाई जानपदको संज्ञा दिइएको थियो। जस्तो नगरको शासन पौरसभाद्वारा गरिन्थ्यो। शक रुद्रदामनले आफ्नो अभिलेखमा पौर जानपदको उल्लेख गरेको छ। प्रथम शताब्दी ई. पू. को हाथि गुम्फा अभिलेखमा खारवेलले पौर जानपदहरूसित गरिएका अनुग्रहहरूको वर्णन गरेको छ। गोरखाको यस अभिलेखमा जानपद शब्दको प्रयोगले उत्तर प्राचीनकालीन नेपाल साम्राज्य अन्तर्गत अनेकौं जानपदहरूको अस्तित्व कायम भएको तिर इङ्गित गरेको छ। संवत् ४८ को ल. पु. छिन्नमस्ताको अभिलेखमा पौर शब्दको पनि उल्लेख आएको छ।

उत्तर प्राचीनकालीन नेपालका अभिलेखहरूको अध्ययनमा तत्समय यहाँ अनेकौं पान्चालीहरूको अस्तित्व कायम भएको कुरा माथि वर्णन गरी सकेको छु। ग्राम परिषद्हरूका नाम कहीं पान्चाली ( पन्चमण्डली–पन्चायत ) र कहीं जानपदको रूपमा वर्णित छन्। गुप्तकालीन भारतमा पन्चमण्डलीको अस्तित्व रहेको कुरा चन्द्र गुप्त द्वितीयको सांचो शिलालेखबाट थाहा हुन्छ। विभिन्न ग्राम परिषद् (जानपद) हरूका मोहरहरू असंख्य मात्रामा नालन्दामा पाइएका छन्। उक्त मोहरहरू सम्बन्धित ग्राम पन्चाली (जनपद) हरूसित सम्बद्ध थिए भन्ने कुरा तिनीहरूमा उत्कीर्ण अभिलेखहरूको अध्ययनमा जानिन्छ। उपरोक्त सबै आधारहरूबाट उत्तर प्राचीनकालीन नेपालमा राजतन्त्रनै कायम रहेको भए तापनि तत्समय नेपालका ग्राम या नगरको शासन कार्यमा स्थानीय जनताहरूले स्वायत्तताको पूर्ण उपभोग गर्न पाएका थिए भन्ने कुराको अरु बढी पुष्टि हुन्छ।

उत्तर प्राचीन कालमा स्थानीय शासनको जिम्मा पाञ्चालीहरूको हातमा विशेष गरी रहेको कुरा माथि वर्णन भैसकेको छ। त्यस समयका अभिलेखहरूमा सर्वप्रथम पाञ्चाली शब्दको प्रयोग शक संवत् ५१६ तदनुसार ५९४ ई. को बुढानीलकण्ठको शिलालेखमा भएको देखिएको छ। उक्त अभिलेखमा त्यस पाञ्चालीको नाम "आङलावकसपितावरसिंहोभय पाञ्चाली" भनी उत्कीर्ण छ। त्यस समय पाञ्चालीका सदस्यहरू कसरी बनाइन्थ्यो भन्ने कुरा ठीक ठीक थाहा हुन नसके तापनि त्यस समयको नेपालमा पाञ्चाली सम्बन्धी नियमहरू हुन्थे भन्ने कुरा भट्टारक महाराजाधिराज श्री नरेन्द्र देवका देवपाटन कसाई टोलका अभिलेखको अध्ययनमा स्पष्टतया थाहा पाउन सकिन्छ। उक्त अभिलेखको अध्ययनबाट पाञ्चालीका सदस्यहरूको अन्तिम नियुक्ति स्वयं राजाबाट हुने कुराको जानकारी हुन्छ। देवपाटन कसाई टोलको अभिलेखका केही अंश तल दिइन्छ: -

"... महाराजाधिराज श्री नरेन्द्र देव.. समाज्ञापयति.... नवगृह ... स्थितिमर्यादोपपन्नत्वं .. प्रसादःकृत ... कैश्चदपि नवगृहम्प्रविश्याल्पतरापि बाधा न कर्तव्या इह यत्किञ्चिन्महत्कार्यमुत्पद्यते तच्च स्वयम्पाञ्चालिकैर्निर्णेतुन्न शक्यते तदा तदन्तरासनेन विचारयितव्यं ... या च व्यवस्था ताम्रशासने लिखिताभूत्तयैव व्यवस्थया वृजिकरथ्या निवासी मधुसूदनस्वामी पाञ्चालिकसामान्य इति"

—देवपाटन कसाई टोलको अभिलेख, सं. शक संवत् ७१

अर्थात्- "... महाराजाधिराज श्री नरेन्द्र देवबाट आज्ञा भएको छ। ... ... ... नवगृहको .. ... ... स्थिति बन्धैन बांध्ने काम गरी अनुग्रह गरिएको छ। ... कसैले पनि नवगृहमा पसेर अलिकता पनि दुःख दिनु हुँदैन। ... यहां नवगृहमा कुनै ठूलो मुद्दामामिला आइपर्दा पाञ्चालिकहरूले त्यसको छिनफान गर्न सकेनन् भने त्यस बेला "अन्तरासन" ले त्यसको विचार गर्नु पर्छ। ... सनद ताम्रपत्रमा जुन व्यवस्था लेखिएको थियो, त्यही व्यवस्था अनुसार वृजिकरथ्यामा बस्ने मधुसूदन स्वामी पाञ्चालिकका समानाधिकारी (पाञ्चालीक सदस्य) बनाइएका छन्।"

उत्तर प्राचीनकालीन नेपालमा धार्मिक भेदभाव कुनै प्रकारको नरहे तापनि तत्समयको प्रशासन श्रुति, धर्मशास्त्रहरूमा निर्दिष्ट विधान अनुसार सञ्चालित थियो भन्ने कुरा जानिन्छ। जसले त्यस समयको प्रशासन हिन्दू धर्मद्वारा प्रभावित रहेको कुरा चाल पाइन्छ। उत्तर प्राचीन

कालीन नेपालका सुप्रसिद्ध राजा मानदेव प्रथम तथा अंशुवर्माका अभिलेखहरूमा तिनीहरू श्रुति, धर्मशास्त्रहरूमा निर्धारित विधान अनुसार जनकल्याणको लागि सदा जागरूक रही दुनियाँलाई पिताले जस्तै माया गरी शासन गर्दथे भन्ने कुरा उत्कीर्ण छन्। राजा मानदेवका निम्न अभिलेखांश यहां उदाहरणको लागि प्रस्तुत गरिन्छ।

"... यो निग्रहे (सं) रतः शुद्धा (त्मा) प्रकृतेः पितेव
दयते श्री मानदेवो (नृपः) स्वप्राणै ... युक्तात्मना ..
जितवता क्ष्मां रक्षता सर्व्वदा
(तेने) दं श्रुतिधर्म्मशास्त्रविहितां धर्म्मक्रियाङकुर्व्वता
लोकानां सुखकाम्यया सुविमलम्पानीयमानाय्य्"

– काठमाण्डू केलटोलको अभिलेख

अर्थात् "... शास्त्रमा भने अनुसार ... निग्रहमा लागेका, चोखो मन भएका राजा मानदेव दुनियाँलाई बाबुले जस्तै माया गर्नु हुन्छ। दिलो ज्यानले ... आफू लागेका ... जिति सधैं राज्य रक्षा गरेको, ... वेद तथा धर्म शास्त्रमा विधान गरे बमोजिम धर्मकर्म गर्ने उहाँले दुनियाँहरूको सुख सुविधाको लागि सफा पानी ल्याउन लाएर ... "

उत्तर प्राचीनकालीन प्रशासनमा युवराजको खास स्थान रहेको कुरा बोध हुन्छ। त्यस समयका राजाज्ञा जारी गरिएका प्रायशः अभिलेखहरूमा दूतकको रूपमा राजपुत्र, युवराज आदिका नाम पनि वर्णनमा आएका छन्। डा. भगवानलाल इन्द्रजीको अनुसार दूतक कार्यकारी अधिकृतको रूपमा रहेको छ। जबकि डा. अल्टेकरले यसलाई परराष्ट्र बिषयक पुरानो पद नामको रूपमा लिएको छ। दूतकको अधिकरण अन्य सबै अधिकरणहरू मध्ये सर्वप्रमुख जस्तै मानिन्छ। यही नै कारण उत्तर प्राचीन कालका प्रायशः अभिलेखहरूमा तत्कालीन उच्च-उच्च ओहदाका व्यक्तिहरू नै राखिएको पाउँछौं। कुन राज्यलाई आफ्नै राज्यमा गाभ्ने औ कुन चाहिंलाई सामन्त राज्यको स्तरमा राख्ने भन्ने बारे यसै विभागको निर्णय कार्यान्वित गरिन्थ्यो। यसरी यस विभागले रक्षा विभागसित पनि निकटतम सम्पर्कमा रही काम गर्दथे भन्ने कुरा जानिन्छ।

फेरि, राजाको अनुपस्थिति या बुढ्यौलीमा प्रशासनिक सम्पूर्ण कार्य युवराजकै हातमा आउँथ्यो। गुप्त सम्राट् कुमार गुप्त प्रथमको अन्तिम समयतिरको घटनावली यसैको लागि उदाहरण स्वरूप छ। राजाका छोराहरूमा जेठालाई युवराज भट्टारक औ अरूलाई खाली युवराजकै मात्र संज्ञा दिइन्थ्यो। अर्को, राजपुत्र शब्दले सामन्त-पद्धतिका राजकुमार भन्ने बोध हुन्छ। डा. सत्यकेतु विद्यालंकारका अनुसार सामन्त राजाहरूका युवराजलाई राजपुत्र भनिन्थ्यो। युक्तिकल्पतरु नामक राजनीति विषयक ग्रन्थले राजा शब्द सामन्त पद्धतिका शासकलाई पनि बुझाउने कुरा उल्लेखेको छ जसले उत्तर प्राचीनकालीन प्रशासन व्यवस्थामा सामन्तहरूको पनि विशेष हात रहेको कुरा निर्णित हुन्छ। त्यस समयका अभिलेखहरूमा सामन्त, महासामन्त आदि पदाधिकारीहरूको पनि वर्णन आएबाट उक्त तथ्यको अरु बढी पुष्टि हुन्छ।

उत्तर प्राचीन कालका प्रशासनिक क्षेत्रमा नारीको के स्थान रहेको छ भन्ने कुरा निश्चित रूपले थाहा हुन सकेको छैन। किनभने त्यस समयका कुनै ऐतिहासिक सामग्रीबाट प्रशासनिक क्षेत्रमा स्त्रीले पनि हात बटाएको कुरा देखिएको छैन। बरू त्यस समयका स्त्रीहरूले आफ्ना जीवन माथि निराशा नै व्यक्त गरिएका अभिलेखमा पाइन्छ। माघवर्षे काले आषाढशुदिव १० को चावहिलको अभिलेख यसको लागि उदाहरणको रूपमा लिइन्छ।

"विचित्रं देयधर्म्ममे कारयित्वेह यच्छुभम्
स्त्रीभावं हि विरागयाहं पुरूषत्वमवाप्य च"

–चावहिलको अभिलेख, अनुमानित छैठौं शताब्दी ई.

अर्थात्– "यो अनौठो दान-धर्म गरेर मलाई जो पुण्य भएको छ, त्योद्वारा मलाई स्त्रीत्वको वदला पुरूषत्व मिलोस्।"

तर, यहाँनेर यस तथ्यलाई अवश्य बिर्सन सकिदैन कि राजाहरूको कौमारावस्थामा राजमाताले राज्यशासनको सम्पूर्ण कार्यमा रेखदेख गर्दथिन्। शक संवत् ३८६ को चागु अभिलेख यसको लागि उदाहरण स्वरूप छ।

## राष्ट्रिय पञ्चायत (?)

उत्तर प्राचीनकालीन नेपालमा शासनको इकाई ग्राम थियो। जुन साना-साना राज्यहरूको सट्टा आफ्नो

इलाकाको शासन आफै गर्दथे । त्यस समय नेपालमा स्थानीय स्वायत्तशासन व्यवस्था प्रचलित थियो । कतिपय ग्रामहरू मिलेर एक समूहको निर्माण गरिन्थ्यो जसलाई तल भनिन्छ औ तलहरूको समूह द्रङ्ग, अनि द्रङ्गहरूको समूह राष्ट्र (?) पुकारिन्थ्यो । ग्रामहरूको शासनको लागि ग्राम परिषद् (पाञ्चाली) हरू स्थापना गरिए जस्तै तल, द्रङ्ग औ राष्ट्रको लागि पनि परिषद्हरू तत्समय प्रतिष्ठापन गरिन्थ्यो भन्ने कुराको अनुमान हुन्छ । ग्राम पाञ्चालीको माथि तल पाञ्चाली रहेको औ ग्राम पाञ्चाली अन्तर्गत कुनै महत्त्वपूर्ण कार्य सम्पादन गर्नु पर्दा तल पाञ्चालीले गर्ने परम्परा रहेको कुराको संकेत शक संवत् ५२० को पूर्व १ नं. खोपासीको अभिलेखमा सरकारी अधिकरणहरूको प्रवेश निषेध पूर्वक ग्रामीण जनताहरूलाई निगाह गर्दै तिनीहरूको सम्मुख आइपरेका विचारणीय समस्याहरूको समाधान आइन्दा तल स्वामीले गर्ने भन्ने राजाज्ञा उत्कीर्ण गरिएबाट जानिन्छ । संवत्: तल पाञ्चालीका सदस्यहरू तल अन्तर्गतका विभिन्न ग्रामहरूका प्रतिनिधिहरू थिए । उपरोक्त अभिलेखमा तिनीहरूको आफ्नै तल स्वामीद्वारा भनी राजाज्ञा उत्कीर्ण गरिएबाट यस वारे अनुमान गर्ने यथेष्ट ठाउँ रहन गएको छ । यसरी ग्राम पाञ्चालीको माथि तल पाञ्चाली रहेको संकेतले उत्तर प्राचीनकालीन नेपालमा पञ्चायतका विभिन्न तहहरू विद्यमान भएको जानिएर तत्समय वर्तमान राष्ट्रिय पञ्चायतको सरह राष्ट्रिय स्तरमा व्याप्त पञ्चायत विद्यमान भएको कुरा अनुमान हुन्छ । फेरि, कुनै पनि जाति या व्यक्तिको जीवनमा तिनीहरूको प्राचीन संस्कृति परम्पराको छाप सदियौं वर्षसम्म रही रहने प्रवृत्ति हुँदा उत्तर प्राचीनकालीन लिच्छवीहरूको शासन राजतन्त्रात्मक भए तापनि तिनीहरूको नशामा प्राचीनताको प्रवाह थियो, वदलिंदो वाह्याकृतिमा उही अन्तरात्मा विद्यमान थियो । जसको कारण तिनीहरू पूर्व प्राचीन कालमा अर्थात् छैठौं शताब्दी ई. पू. तिर संघ पद्धतिमा हुर्केको हुनाले उत्तर प्राचीनकालीन नेपालमा तिनीहरूले त्यही परम्पराको अनुसरण स्वरूप राजालाई शासन कार्यमा परामर्श दिने संस्थाको रूपमै रही राष्ट्रिय स्तरमा व्याप्त पञ्चायतको संस्थापन गरेको अनुमान ठीकै जंच्तछ ।

## केन्द्रीय शासन

उत्तर प्राचीनकालीन नेपालको शासन राजामा केन्द्रित थियो । तिनीहरूले पनि आफ्ना वैयक्तिक शक्ति, साहस र प्रतापले एक विशाल राज्य (पूर्व सप्त कोशीदेखि पश्चिम सप्त गण्डकी अर्थात् अनुमानतः पूर्व ३ नं. देखि पश्चिम ३ नं. सम्म फैलिएको) को स्थापना गरेका थिए । राजाको शक्ति त्यस बेला यति बढेको थियो कि राजाको विरोध मात्र गर्ने व्यक्ति पनि राजद्रोह गर्ने अपराधी सम्झिन्थ्यो औ तिनलाई दण्ड गरिन्थ्यो । भट्टारक महाराज श्री ध्रुवदेवकालीन संक्षिप्त शक संवत् ४८ को ल. पु. छिन्नमस्ताको अभिलेख यसको लागि उदाहरण स्वरूप छ । त्यस समय राजाहरूको शक्ति बढ्दै गए र तिनीहरूलाई देववत् मानिन लागेको कुरा माथि वर्णन भै सकेको छ । पूर्व प्राचीन कालमा पनि राजाहरू देववत् मानिने विचार अवश्य फैलिएको देखिन्छ । तर, त्यस समय त्यसको प्रयोग गुप्तचरहरू सर्वसाधारण जनतामा राजाको प्रभाव स्थापित गर्नको लागि मात्र गर्दथे ।

त्यसै समयको गुप्तकालीन भारतमा शासन कार्यमा राजाको सहायताको लागि मन्त्रिपरिषद् रहेको कुरा पुरातात्विक आधारबाट देखिए तापनि उत्तर प्राचीन कालीन नेपालमा मन्त्रिपरिषद्को अभाव भए जस्तो लाग्दछ । यद्यपि यो निश्चय छ कि उत्तर प्राचीनकालीन अभिलेखहरूमा धर्म राजीकामात्य, कुमारामात्य आदि आदि जस्ता विभिन्न प्रकारका अमात्यहरूको उल्लेख पाइन्छ । तर, अमरकोशले अमात्यलाई पनि मन्त्रीकै रूपमा वर्णन गरे तापनि त्यस पदलाई अधिकांश महत्त्वपूर्ण ग्रन्थहरूले राजाका भिन्न-भिन्न विषयक सल्लाहकारकै रूपमा मानेका देखिन्छन् । कौटिल्य १.८ अनुसार मन्त्रीको छनौट अमात्यहरूबाट गरिन्थ्यो । अमात्य हुनको लागि योग्य मानिएको व्यक्ति मन्त्रीको योग्य मानिंदैनथ्यो । फेरि, कौटिल्यले मन्त्रीको वार्षिक तलब ४८,०००।– तोकेको छ जवकि अमात्यको तलब १२,०००।– मात्र उल्लेखेको छ । कौटिल्य अर्थशास्त्रका यी वर्णनहरूबाट अमात्यहरू मन्त्रीको स्तरमा मानिएका थिएनन औ तिनीहरू वर्तमान प्रिवी काउन्सीलका सदस्यहरू सरह राजाका सल्लाहकारकै रूपमा मात्र थिए भन्ने कुरा जानिन्छ । महाभारतले राजाका सल्लाहकारहरू विभिन्न वर्णका गरी जम्मा ३६ हुने कुरा उल्लेखेको छ । ब्राह्मण ४, क्षत्रीय ८, वैश्य २१ औ शुद्र ३ ।

"चतुरो ब्राह्मणान् वैद्यान्प्रगल्भान्स्नातकान्शुचीन् ।

क्षत्रियान् दश चाष्टो च बलिनः शस्त्रपाणिनः ।।
वैश्यान्वित्तेन संपन्नानेकविंशतिसंख्यया ।
त्रींश्च शूद्रान्विनीतांश्च शुचीन्कर्मणि पूर्वके ।।"

– महाभारत १२.८५.७-८

यसरी राजाका सल्लाहकारहरूमा वैश्य एवं शुद्रहरू पनि सम्मिलित गराइनु हाम्रो संस्कृतिको एक महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ । नारद स्मृतिले राज्यको एक सभाको उल्लेख गरेको छ जसका सभासद् धर्मशास्त्रमा कुशल, अर्थज्ञानका प्रवीण, कुलीन, सत्यवादी र शत्रु व मित्रलाई एक दृष्टिले हेर्ने हुनु पर्दछ। राजा आफ्ना राजसभाका यी सभासद्हरूका साथ राज्य कार्य माथि सोच्दथे औ तिनका परामर्श अनुसार कार्य गर्दथे। उत्तर प्राचीनकालीन नेपालका अभिलेखहरूमा नेपालका तत्कालीन राजाहरूले आफ्ना राजाज्ञा जारी गर्दा फलानोको सल्लाह अनुसार भनेर पनि उल्लेख गरिएका पाउँछौ जसले उपरोक्त तर्कको पुष्टि गर्दछ ।

माथि वर्णन भइसकेको छ कि अमात्यले राजाको मन्त्रीको साटो राजाको सल्लाहकारको रूपमा बढ्ता घनिष्टता राखेको छ। यसरी भन्दैमा अमात्य मन्त्रीको रूपमा कतै व्यवस्था गरिएको छैन भन्ने त्यो होइन । शुक्रनीतिले मन्त्री परिषद्को सदस्य संख्या दस रहेको कुरा उल्लेख गर्नुको अतिरिक्त तिनीहरूको कार्य विभाजन पनि वर्णन गरेको छ । उक्त दस सदस्यहरूको नाम क्रममा अमात्य एवं दूत नाम पनि आएका छन् जुन नामहरू उत्तर प्राचीनकालीन अभिलेखहरूको अध्ययन क्रममा अत्यधिक रूपमा आएको हामी पाउँछौ । फेरि, चालुक्यहरूको अभिलेखमा महामात्य शब्दको पनि प्रयोग पाइन्छ। जसले प्रधान मन्त्रीतिर स्पष्ट इङ्गित गर्दछ ।

केन्द्रीय शासनका विभिन्न विभागहरूलाई अधिकरण भनिन्थ्यो । उत्तर प्राचीन कालका विभिन्न अभिलेखहरूको अध्ययनबाट निम्न अधिकरणहरू र राजकर्मचारीहरूका विषयमा परिचय प्राप्त हुन्छ ।

अधिकरणहरू

१. कूथेर २. शोल्ल ३. माप्चोक ४. भट्ट ५. पीठाल्जा ६. गीनुङ ७. दिग्वार ८. लिङ्गवल आदि–आदि।

प्रशासनिक पदहरू

१. कुमारामात्य २. धार्मराजिकामात्य ३. प्रतिहार ४. महाप्रतिहार ५. सर्व्वदण्डनायक ६. दण्डनायक ७. महासर्व्वदण्डनायक ८. दूतक ९. दौवारिक १०. वार्त्त ११. बलाध्यक्ष १२. सामन्त १३. महासामन्त १४. महाराज महासामन्त १५. महाराजाधिराज श्री सामन्त ।

प्रान्तीय शासन

उत्तर प्राचीनकालीन प्रान्तीय शासन व्यवस्थाको बारे राम्रो थाहा लिने ठोस आधारहरू भेट्टिएको छैनन् । तर पनि त्यस समयमा प्राप्त अभिलेखहरूको आधारमा उत्तर प्राचीनकालीन नेपाल राज्य विभिन्न प्रान्त, जिल्ला, ग्राम, पुर आदिमा विभक्त रहेको कुराको अनुमान हुन्छ । त्यस समयका अभिलेखहरूमा प्राप्त प्रान्त, जिल्ला, ग्राम प्रदेश आदि तिर इङ्गित गर्ने शब्दहरू मुख्यतया निम्न छन् ।

१. यूपग्रामद्रङ्ग २. हंसगृहद्रङ्ग ३. शाम्भपुरग्रामद्रङ्ग ४. माखोप्रिसतलद्रङ्ग ५. दक्षिणकोलीग्रामद्रङ्ग ६. सर्वतलग्राम ७. देवग्रामोदेश ८. खोपृङग्राम ९. खैपुङग्राम प्रदेश १०. दुलंङग्राम प्रदेश आदि ।

प्रस्तुत नामहरूको आधारमा द्रङ्ग, प्रदेशले प्रान्त, तल र उद्देश्यले जिल्ला औ ग्राम, पुरले राज्यको सबभन्दा तल्लो निकायलाई बुझाउँछन् । यस तथ्यको पत्तो उत्तर प्राचीनकालीन अभिलेखहरूको अध्ययनमा स्पष्टतया जानिन्छ ।

उत्तर प्राचीनकालीन नेपालमा क्षेत्रीय इलाकाहरूले एक प्रकारले स्वायत्तता नै प्राप्त गरेको अनुमान हुन्छ । यस बारे माथि विशद वर्णन गरी सकेको हुँदा यहाँ फेरि त्यही नै कुरा दोहऱ्याई रहनु अनावश्यक सम्झेको छु । त्यस समय स्थानीय स्वायत्त शासन व्यवस्था स्थापित भएको देखिएको हुँदा उत्तर प्राचीनकालीन नेपालका अभिलेखहरूमा राजाबाट नियुक्त क्षेत्रीय शासकहरूको नाम अनुल्लेख भएको हुनु धेरै सम्भव छ । यद्यपि यो निश्चय छ कि ती इलाकाहरूमा केन्द्रीय सरकारबाट स्थापित केही अधिकरणहरूको अस्तित्व अवश्य देखिएका छन् । तर,

तनीहरू त्यस इलाकाका केही निर्दिष्ट कार्य सम्पादन कै लागि मात्र खडा गरिएका देखिन्छन्। शक संवत् ५२० को खोपासीको अभिलेखमा सो ग्राममा आइपर्ने सम्पूर्ण काम त्यहीको तल स्वामीले नै आज्ञा दिइएकोले जिल्ला (तल) को अन्तर्गत ग्राम रहेको औ जिल्ला ग्राम आदि-हरूमा आन्तरिक स्वशासन अवश्य त्यस बेला रहेको थियो भन्ने कुराको जानकारी मिल्छ ।

उत्तर प्राचीन कालको प्रशासनमा पञ्चायत पद्धतिको महत्त्वपूर्ण हात रहेको छ । स्थानीय स्वायत्त शासनको व्यवस्थाले गर्दा पनि पञ्चायती पद्धतिको आरम्भ गर्नुमा सघाउ पुऱ्याएको थियो । संक्षिप्त शक संवत् २९ को बुंगमतीको अभिलेखमा धर्म संकर सम्बन्धी मुद्दा मामिला वाहेक अन्य सबै कार्य गर्ने अधिकार स्थानीय पाञ्चालीलाई सुम्पेको कुरा वर्णित छ । अनुमानित आठौं शताब्दी ई. को नवसाल नारायण चौरको अभिलेखमा पाञ्चालीहरूलाई स्थानीय कामहरूको अभिभारा समेत न्याय वितरण गर्ने अधिकार प्रदान गरिएको कुरा वर्णित छ ।

## राजकीय कर

उत्तर प्राचीन कालका अभिलेखहरूको अनुशीलनबाट त्यस समय राजकीय आयका निम्न लिखित साधनहरू मुख्य रूपले थिए- १. भाग २. भोग ३. कर ४. हिरण्य । संक्षिप्त शक संवत् ११९ को लगन विष्णु मन्दिरको एक अभिलेखमा उक्त चारै करको वर्णन छ । यस अतिरिक्त अधिकांश उत्तर प्राचीनकालीन अभिलेखहरूमा त्रिकर विषयका उल्लेख आएको छ । त्रिकर कुन कुन हुन् भन्ने वारे एकीन साथ कुनै निश्चित रूपले थाहा हुन नआए तापनि संभवतः त्रिकरले भागकर, भोगकर तथा कर (Roadcess) लाई बुझाएको छ । किनभने यी तीन नै तत्कालीन राज्य-का आम्दानीका मुख्य स्रोत रहेको देखिन्छ ।

१. भागकर-खेतीमा प्रयोग हुने जमीनबाट पैदावरको निश्चित राज्यकरको रूपमा लिइन्थ्यो । यो भागकर अक्सर पैदावारको रूपमै लिइन्थ्यो । उत्तर प्राचीन कालमा जग्गाको पैदावार माथि सरकारबाट कर लिइने कुराको यथार्थता उत्तर प्राचीनकालीन अभिलेखहरूको अध्ययनबाट स्पष्ट हुन्छ ।

२. भोगकर- व्यापारिक वस्तुहरूको आयात निर्यातमा लिइने राज्यकर (भन्सार) । उत्तर प्राचीनकालीन नेपाल-मा आयात निर्यातका वस्तुहरूमा भन्सार लिइने कुरोको यथार्थता भट्टारक महाराज श्री अंशुवर्माको टिस्टुङ्ग ग्राम स्थित अभिलेखबाट जानिन्छ । यसको अतिरिक्त त्यस समय अन्य उद्योग एवं त्यससित सम्बन्धित वस्तुहरू माथि पनि करहरू लिइने चलन रहेको कुरा सांगाको अभिलेख, संक्षिप्त शक संवत् ५९ को थानकोट अभिलेख तथा यंगाल-हिटीको अभिलेखबाट जानिन्छ । यसरी राजकीय आम्दा-नीमा यिनीहरू पनि मुख्य-मुख्य स्रोतका रूपमा लिन सकिन्छ । सत्यकेतु विद्यालंकारको अनुसार मौर्यकालमा जुन चुंगीलाई शुल्क शब्द प्रयोग गरिन्थ्यो, त्यसैलाई गुप्त-कालमा भोगकर भनिन लागेको थियो ।

३. कर- उत्तर प्राचीन कालमा बाटो घाटोको विकास पनि यथेष्ठ मात्रामा भएको देखिन्छ । बाटो घाटोको विकासले त्यस समयको व्यापारिक उन्नतिमा महत्त्वपूर्ण सघाउ पुऱ्याएको थियो । यसैले ती बाटो घाटोको समय-समयमा मर्मत गरी रहनु पनि पर्ने हुँदा बाटोमा सवारी चलाए वापत कर लिइने चलन पनि रहेको देखिन्छ । यसको अतिरिक्त तत्समय सामन्ती व्यवस्था हुँदा सामन्तहरूले समय समयमा सरकारलाई उपहारहरू बुझाउन पर्ने आव-श्यकता थियो । उत्तर प्राचीनकालीन अभिलेखहरूमा सामन्त, महासामन्त आदि विभिन्न श्रेणी उत्कीर्ण गरिएको पाइएबाट पनि यस तथ्यको पुष्टि हुन्छ । फेरि राजा मानदेवले गण्डकी पारीका मल्लहरूलाई लडाईमा हराई तिनीहरूबाट कर मात्र लिने गरेर तिनीहरूको राज्य तिनी-हरूलाई नै फर्काइ दिएका थिए । यसरी त्यस समय राजकीय आम्दानीको एक प्रमुख स्रोत रोड्सेस र उपहार पनि रहेका थिए भन्ने कुरा विदित हुन्छ । एप्तेकृत संस्कृत इङ्गलीश डिक्सनरीमा करले रोड्सेस र उपहारलाई पनि बुझाएकोले उक्त तथ्यको पुष्टि हुन्छ ।

४. हिरण्य- उत्तर प्राचीनकालीन अभिलेखहरूको अध्ययनमा धार्मिक कर साथै मनोरञ्जन कर पनि लिइने परम्परा चलेको देखिन्छ । अंशुवर्माको टिस्टुङ्ग अभिलेखमा कुण्ड शुल्कको उल्लेख आएको पाइनुको अतिरिक्त भट्टारक महाराज श्री भीमार्जुनदेवको संक्षिप्त शक संवत् ५९ को थानकोटको अभिलेखमा गोयुद्ध, मल्लयुद्ध जस्ता मनोरञ्जनका साधनहरूमा लाग्ने करको उल्लेख आएकोले

ती करहरू विशेषतः नगद रूपमै लिइने हुँदा हिरण्य करको संज्ञा दिइएको हुनु धेरै सम्भव छ ।

## न्याय व्यवस्था

न्याय व्यवस्था कुनै पनि देशको प्रशासनको एक अंग स्वरूप छ । यसैले यसबारे यहां केही उल्लेख गरिनु जरूरी छ ।

उत्तर प्राचीनकालीन न्याय निसाफको मुख्य आधार श्रुति एवं धर्म शास्त्रहरू नै रहेका थिए । मानदेव प्रथमको केलटोलको अभिलेखमा तिनलाई श्रुति एवं धर्म शास्त्रहरूको आधारमा शासन गर्ने भनी उल्लेख गरिएको पाइनु औ अंशुवर्मालाई रात दिन अनेक शास्त्रको विषयमा छलफल गरी रहने हुँदा खराब दृष्टिकोण नभै सकेकोले न्यायीक बन्दोवस्त गर्नु मै ठूलो उत्सव सम्झने भनी तत्समयको अभिलेखमा वर्णन गरिएको पाइएकोलाई यहां उदाहरणको रूपमा लिन सकिन्छ । अनुपरमकृत हाडी गाउँ स्थित गरूडस्तम्भाभिलेखले उत्तर प्राचीन कालमा मनु, यम, वृहस्पति औ शुक्रहरूका स्मृतिको यहां व्याप्ति प्रचलन भएको दर्शाउँछ ।

"......शास्त्रे मनुयमवृहस्पत्युशनसां विधानं कृत्यानाम सुगमपदं लोक......"

–हाडी गाउँको स्तम्भलेख, अनुमानित छैठौं शताब्दी ई.

उत्तर प्राचीनकालीन न्याय निसाफको आधार धर्म शास्त्रहरू रहेको कुरा ज्ञानेश्वरको अभिलेखबाट पनि जानिन्छ ।

"(विदितं भवतु) भवतां वर्णोत्तमा भूमिदेवास्स्मार्त-शास्त्राणाम् .....तैरनुपाल्यमान.........दण्डार्हस्य उत्तमसाहस ...... पित्रोर्दण्डः शरीरापराधश्च........."

–ज्ञानेश्वरको अभिलेख

प्रस्तुत लेखमा दण्डार्हस्य उत्तमसाहस भनी वर्णन आएको छ । यस प्रकारको दण्डको हाम्रा प्राचीन धर्म शास्त्रहरूमा उल्लेख आएको छ । धर्म शास्त्रहरूले प्रथम साहस, मध्यम साहस तथा उत्तम साहस नामले तीन थरीका दण्ड विशेषका नाम दिएका छन् ।

"पणानां द्वेशते सार्धे प्रथमः साहसः स्मृतः ।
मध्यमः पञ्च विज्ञेयः सहस्रं त्वेव चोत्तमः ॥८॥१३८"

–मनुस्मृति

"साशीतिपणसाहस्रो दण्ड उत्तम साहसः ।
तदर्धं मध्यमः प्रोक्तस्तदर्धमधमः स्मृतः ॥३३६॥"

– याज्ञवल्क्य स्मृति, आचाराध्याय

"..._ अष्टचत्वारिंशत्पणावरं षण्णवतिपरं पूर्वसाहस दण्डः ॥ ॥ ..... द्विशतावरः पञ्चशतपरो मध्यमसाहस दण्डः ॥ ॥ ... पञ्चशतावरः सहस्रपर उत्तमः साहसदण्ड इत्याचार्याः ॥ ॥

–कौटिल्य अर्थशास्त्र ३ अधिकरण १७ अध्याय

चौठौं शताब्दी ई. मा भारतमा तीर्थाटन गर्न आउने चिनियाँ यात्री फाइयानले पनि आफ्नो यात्रा वृत्तान्तमा उक्त दण्डको उल्लेख गरेको छ । "अपराधीलाई अवस्थानुसार उत्तम साहस र मध्यम साहसको अर्थदण्ड दिइन्छ ।" फाइयानका उक्त वृत्तान्तले उत्तम साहस र मध्यम साहसले आर्थिक दण्डतिर इंगित गरेको कुरा थाल पाइन्छ ।

उत्तर प्राचीन कालमा अपराधीहरूलाई शारीरिक दण्ड दिइने चलन रहेको कुराको यथार्थता माथि वर्णित ज्ञानेश्वर अभिलेखको "दण्ड शरीरापराधश्च" पंक्तिबाट स्पष्टतया जानिन्छ । न्यायिक पद्धति अनुसार कुनै व्यक्तिलाई दण्ड दिनु पर्दा एकै चोटी ठूलो दण्ड गर्नुको साटो क्रमै संग त्यसको मात्रा बढाउँदै लैजानु आवश्यक छ । धर्म शास्त्रहरूले यसतिर स्पष्ट निर्देश गरेका छन् ।

"वाग्दण्डं प्रथमं कुर्याद्धिग्दण्डं तदनन्तरम् ।
तृतीयं धनदण्डं तु वधदण्डमतः परम् ॥" ८।१२८

–मनुस्मृति

"धिग्दण्डस्त्वथ वाग्दण्डो धनदण्डो वधस्तथा ।
योज्या व्यस्ताः समस्ता वा ह्यपराधवशादिमे ॥"३६७

–याज्ञवल्क्यस्मृति, आचाराध्याय

उत्तर प्राचीनकालीन नेपालमा दण्ड विधान ज्यादै

कडा थियो । अपराधीको अपराधको लागि दण्ड तिनका परिवारले पनि भोग्नु पर्दथ्यो । यस तथ्यको पत्तो भट्टारक महाराज श्री भीमार्जुनदेव विष्णुगुप्तकालीन यंगालहिटी र भृगांरेश्वरका अभिलेखबाट जानिन्छ । भट्टारक महाराजाधिराज श्री नरेन्द्रदेवका पशुपति वज्रघर र पाटन यागवहालका अभिलेखहरूले पनि यसतिर स्पष्ट इंगित गरेका छन् ।

उत्तर प्राचीन नेपालमा क्षेत्रीय इलाकाहरूमा स्थानीय स्वायत्त शासनको परिपाटी चलेको थियो । जसवारे माथि उल्लेख भइसकेको छ । यही नै कारण स्वरूप त्यस समय स्थानीय इलाकाहरूको न्याय प्रदान गर्ने कार्यमा स्थानीय पाञ्चाली एवं धार्मिक संघ संस्थाहरूलाई नै अधिकार प्रदान गरिएको थियो । स्थानीय संघटनहरूले छिन्न नसकेका मुद्दा मामिलाको छिनोफानो राजाबाट टोकेका अधिकरणहरूले गर्दथे औ त्यसबाट पनि नहुने भएमा मात्र त्यस मुद्दाको किनारा राजाको अन्तरासन, प्रप्रासनबाट हुने हुन्थ्यो । यसरी प्रशासनिक सुविधाको दृष्टिले उत्तर प्राचीनकालीन नेपालमा न्यायिक व्यवस्थाको संघटन गरिएको कुराको स्पष्ट जानकारी मिल्दछ ।

# लिच्छवि संवत्को निष्कर्षमा अनुसन्धानको बाटो

– शङ्करमान राजवंशी

प्राचीन ज्योतिषको इतिहास हेर्दा वैदिक कालमा ग्रह-हरूको स्पष्ट स्थिति ज्ञान गराउने साधन पर्याप्त मात्रामा नभए तापनि त्यस कालदेखि लिएर ज्योतिषसिद्धान्तकाल सम्ममा पारस्परिक सम्बन्ध हुनुपर्छ भन्ने जसले पनि अनुमान गर्न सकिने कुरा छ । ज्योतिषसिद्धान्तकालमा आएर ज्योतिषको विकास शुरू भएको कुरा तत्कालको ग्रन्थ निर्माणहरूबाट प्रत्यक्ष छ ।

सिद्धान्तकालमा सर्व प्राचीन पौरुषेय आर्यभटको आर्य-भटीय हो । आर्यभटको जन्म शक ३९८ मा भएको हो । २३ वर्षका आर्यभटले शक ४२१ मा आर्यभटीय ग्रन्थ बनाए, जुन ग्रन्थलाई आर्यसिद्धान्त भन्दछन् । ब्रह्मगुप्तको जन्म शक ५२० मा भएको हो । ३० वर्षका ब्रह्मगुप्तले ५५० मा ब्राह्मस्फुटसिद्धान्त ग्रन्थ बनाए, जुन ग्रन्थलाई ब्रह्मसिद्धान्त भन्दछन् । त्यसपछि ६७ वर्षका ब्रह्मगुप्तले शक ५८७ मा खण्डखाद्य ग्रन्थ बनाए । शक १०२१ मा शतानन्दले भास्वती ग्रन्थ बनाए । शक १०७२ मा भास्कराचार्यले सिद्धान्तशिरोमणि ग्रन्थ बनाए ।

ज्योतिषको विकास उत्कृष्टतामा पुग्नु भन्दा पहिले ज्योतिषगणनामा स्थूलता नै हुन्थ्यो । जब ज्योतिष विकासको उन्नति हुन थाल्यो अनि गणनामा सूक्ष्मता हुन थाल्यो, त्यसलाई विकासको फल भन्नुपर्छ । त्यसैले प्राचीन कालको ज्योतिषमा विकासकालका ज्योतिषीहरूले संशोधन गर्न थाले, ती कुराको विस्तृत इतिहास शंकर बालकृष्ण दीक्षितको भारतीय ज्योतिष नामक ग्रन्थमा भएको कुरा इतिहास विशेषज्ञहरूलाई विदितै छ । ती कुराको केही सारांश "प्राचीन नेपाल, संख्या ४०" मा दिएको छु । प्रकाशमा आउँदा टिप्पणी छूट हुन गएछ । ब्रह्मसिद्धान्तको विषयलाई लिएर शंकर बालकृष्ण दीक्षितले भनेका छन् । (विष्णु धर्मोत्तर ब्रह्मसिद्धान्त और शाकल्योक्त ब्रह्मसिद्धान्त ब्रह्मगुप्तके ब्रह्मसिद्धान्तसें प्राचीन नही हैं मेरे मतमें वे दोनों इसकी अपेक्षा नवीन हैं) । यहाँ उनले आफ्नो मत प्रति-पादन गरेका छन् । जब मतको प्रतिपादन हुन्छ त्यो अनु-सन्धान गर्नु पर्ने विषय हुन्छ भन्ने कुरा सबैलाई थाहै छ । शंकर बालकृष्ण दीक्षितको भनाइ विष्णुधर्मोत्तरब्रह्म सिद्धान्त ब्रह्मगुप्तको ब्रह्मसिद्धान्त भन्दा फरक भएको र शाकल्योक्त ब्रह्मसिद्धान्त चाहिं आधुनिक सूर्यसिद्धान्तसंग मिल्दछ भन्ने छ । जुन अशुद्ध हो, त्यो पितामहसिद्धान्त नै हुनुपर्छ भन्ने उनको विचार छ । तर ती ब्रह्मसिद्धान्तलाई अपौरुषेय मानेको छ । तिनताक ब्रह्मसिद्धान्तको परम्परा बलियो हुनाले नै विभिन्न ब्रह्मसिद्धान्तहरू बनेका हुन सक्छन् । पञ्चवर्षात्मक युगको परम्परा चाहिं लिच्छवि-कालमा छुटिसकेको थाहा भएको छ, त्यो कुरा "प्राचीन नेपाल, संख्या ४१" मा दिएको छु ।

केतकरको सौरार्यब्राह्मपक्षीय तिथिगणित नामक पुस्तक-मा सूर्यसिद्धान्त, ब्रह्मसिद्धान्त, आर्यसिद्धान्तबाट गणित गरी प्राचीन तिथिमिति निर्णय गर्न सर्वप्रथम विचार गर्नुपर्ने भनी शक १ देखि अधिमास परेका वर्षको तालिका दिएका छन् । त्यसकारण शक १ सम्मको प्राचीन तिथिमिति निर्णय सो पुस्तकबाट हुन सकिने कुरा स्पष्ट खुल्दछ । ब्रह्मगुप्तको ब्रह्मसिद्धान्त वि. सं. ६८५ मा निर्माण भएको भनी लिच्छवि संवत्को निष्कर्ष ३७ पृष्ठमा दिइएकै छ । त्यस ग्रन्थबाट त्यो भन्दा धेरै काल अघिको तथा पछिको गणना हुन सकिने हुनाले नै त्यो ग्रन्थ सिद्धान्तमा दरियो । अंशुवर्मा ब्रह्मगुप्त भन्दा अघिका हुन् । अंशुवर्माले ब्रह्म-सिद्धान्त अनुसार पञ्चाङ्ग मान्थे भन्नाको तात्पर्य ब्रह्मगुप्तको

ब्रह्मसिद्धान्त गणितसंग मिल्दो एक किसिमको पञ्चाङ्ग मान्थे भन्ने हो जुन ग्रन्थको हिसाव सामीप्यमा आएको हुनाले ।

चाँगुको अंशुवर्माको अभिलेखमा संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्र भनी मितिको उल्लेख भएको र भक्तपुर इनायचोको अभिलेखमा संवत् ३१ द्वितीय पौष शुक्ल अष्टमी भनी अधिमासको उल्लेख भएको हुँदा अनुसन्धानको बाटो खुल्न गएको छ । त्यो बाटो मानो अज्ञात देशलाई पत्ता लगाउने अक्षांश र देशान्तर जस्तो हुन गएको छ । एउटा बाटो हो अभिलेखको संवत् ३१ मा मनाएको पौषको अधिमास कुन किसिमले कुन शक संवत्मा मिल्दछ भनी अनुसन्धान गर्नुपर्ने अधिमास गणनाको बाटो, अर्को बाटो हो उक्त अनुसन्धान गरिएको अधिमास परेको शक संवत्मा माघ शुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्र पर्छ वा पर्दैन भनी तिथिमिति गणना गर्ने वाटो । ती दुई बाटोबाट अनुसन्धान गर्दै जाँदा सर्वप्रथम अंशुवर्माको संवत् कार्तिकादि हुन् भन्ने पत्ता लाग्यो । कार्तिकादि वर्षको बाटोबाट अधिमासको अनुसन्धान गर्दा अंशुवर्माको अभिलेखको संवत् ३१ (शक ५०६, वि. सं. ६४१) मा वैशाखमा अधिमास परेको कुरा पत्ता लाग्यो साथै मितिको गणना पनि ट्वाक्क मिल्यो । त्यसको स्पष्टीकरण "प्राचीन नेपाल, संख्य ४०"को १० पृष्ठमा "सैद्धान्तिक निष्कर्ष"नामक मेरो लेखमा उपपत्ति सहित दिएको छ । त्यो अधिमासलाई अंशुवर्माको अधिमास मान्ने परिपाटी अनुसार अधिमास मानेको ज्ञात भयो । मेरो "लिच्छवि संवत्को निष्कर्ष"नामक पुस्तकमा दिइएका लिच्छविकालका अभिलेखहरूमा पाइएका अधिमासतालिकाका अधिमासहरू अधिमास मान्ने प्राचीन परिपाटीको मार्गबाट निर्णय गरिएका हुन् । यसै निर्णयानुसार शक पूर्व २२ मा लिच्छविसंवत् चलेको नयाँ कुरा पत्ता लाग्यो । त्यस अनुसार चाँगुको प्रथम मानदेवको स्तम्भाभिलेखमा उल्लिखित संवत् ३८६ ज्येष्ठ शुक्ल प्रतिपदाको मिति गणना गर्दा उल्लिखित मिति बमोजिम गणना ट्वाक्क मिल्न गएबाट वार पत्ता लागेको कुरा त्यस पुस्तकमा दिएको हुँ ।

ज्येष्ठ शुक्ल प्रतिपदाको दिन दिउँसो अभिजित् मुहूर्तमा चांगुको स्तम्भलेखको प्रतिष्ठा भएको हो । त्यस दिन त्यस बेला नक्षत्रमा चन्द्रमा बसेको आकाशमा देखिंदैन पनि । मिति लेख्दा सरल अर्थ सिवाय नक्षत्रमा चन्द्रमा गएको शोभाको साहित्य वाङमय घुसाउने जरूरत छैन । अभिलेखमा सोमवारलाई चन्द्र शब्द प्रयोग गरेको अरू उदाहरण नपाइने पनि होइन । जस्तै—

> नेपाले खलु सम्मले सुललिते वाणाचलागैर्युते ।
> चैत्रे कामतिथौ च चन्द्रदिवसे पक्षे च शुल्केतरे ।।

(अभिलेखसंग्रह ३ भाग, ९–१० पृष्ठ)

यस श्लोकमा उल्लिखित मिति ने. सं. ७७५ चैत्र कृष्ण १३ तिथि सोमवार हो । गणना गरी हेर्दा सोमवार आउँछ । यहाँ सोमवारलाई चन्द्र शब्द प्रयोग गरेको स्पष्ट छ । अर्को कुरो–

> ख्याते नेपालशाके गजभुजभुजगैः संमिते माघ कृष्णे
> ज्येष्ठानक्षत्रयुक्ते शशिसुतदिवसे कुम्भगे चण्डभानौ
> कृत्वा दोलेशशम्भोः पुनरपि मुदितो भूपतीन्द्रो नवम्याम्

(अभिलेखसंग्रह ४ भाग, १३ पृष्ठ)

यस श्लोकमा उल्लिखित मिति ने. सं. ८२८ माघ कृष्ण ९ ज्येष्ठानक्षत्र बुधवार हो । गणना गरी हेर्दा माघ कृष्ण नवमी ज्येष्ठानक्षत्र बुधवार आउँछ । यहाँ "ज्येष्ठानक्षत्रयुक्ते शशिसुतदिवसे" को अर्थ गर्दा ज्येष्ठानक्षत्रमा बुध गएको दिनमा भन्ने हुन सक्दैन । चाँगुको स्तम्भाभिलेखको मिति पनि यस्तै ढङ्गको छ । जस्तै–

> "संवत् ३८६ ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि १ (रो)-
> हिणीनक्षत्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्ते भिजिति"

त्यसकारण उक्त चाँगुको मानदेवको स्तभलेखमा उल्लिखित "रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि" को अर्थ रोहिणीनक्षत्रमा चन्द्रमा गएको वेलामा भनी पहिले स्वयं आफैले पनि मानिआएको कुरालाई पूर्वाग्रह लिनु मनासीव नठानेर गणनाद्वारा आत्मसंशोधन गरेको हुँ (लिच्छविसंवत्को निष्कर्ष २७ पृष्ठ)।

अंशुवर्माको अभिलेखको संवत् ३१ मा मनाएको पौषको अधिमास कुन किसिमले कुन शक संवत्मा मिल्दछ भनी अनुसन्धान गर्नु पर्ने अधिमास गणनाको बाटोलाई छोडी उक्त अभिलेखमा मनाएको अधिमासको तिथि जोडी वि. सं. ६३३ (शक ४९८) बाट उठेको मानदेव संवत्बाट उक्त

अभिलेखको मिति गणना गरी मिलाउने हो भने तीनै थरी सिद्धान्तबाट अभिलेखको मितिमा माघशुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्र मिलाउन सकिन्छ । जस्तै सौरार्य ब्राह्मपक्षीयतिथिगणितबाट–

सूर्यसिद्धान्तबाट

संवत् ३१ वि. सं. ६६४ (शक ५२९) माघ शुक्ल

| तिथि | वार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| १३ | आदित्य | ३९ | २ | पुष्य | ९ | ४७ |

ब्रह्मसिद्धान्तबाट

संवत् ३१ वि. सं. ६६४ (शक ५२९) माघ शुक्ल

| तिथि | वार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| १३ | आदित्य | ३४ | १४ | पुष्य | ४ | ५५ |

आर्यसिद्धान्तबाट

संवत् ३१ वि. सं. ६६४ (शक ५२९) माघशुक्ल

| तिथि | वार | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|
| १३ | आदित्य | ३७ | ४ | पुष्य | ७ | ५८ |

. यसरी गणित विरुद्ध तरीकाले मिलाएर जनतालाई छकाउनु उचित ठानिनँ । त्यसैले ऐतिहासिक कसी र अनुसन्धानको पूर्वोक्त दुवै बाटो अपनाई आफ्नो निष्कर्ष प्रतिपादन गरेको हुँ जसबाट सहोतरतन्त्रको मितिको गणना समेत मिल्न गएको छ । त्यो गणना लिच्छवि संवत्को निष्कर्षमा दिइएको छ ।

प्राचीनकालको गणना स्थूल हुन्छ भनी केतकरले आफ्नो ग्रन्थमा स्पष्टै भनेका छन् । ब्रह्मगुप्त भन्दा धेरै वर्ष अघिदेखि सूर्यमन्दोच्च ७८ अंश लिने परस्परा पनि नभएको होइन । त्यस वखतको गणना ऐतिहासिक दृष्टिले महत्त्व दर्शाउन त्यसलाई मिल्दो केतकरले "सौरार्यब्राह्मपक्षीय तिथि गणित" नामक ग्रन्थ बनाएका हुन् ।

मेरो अनुसन्धानको बाटो यदि तथ्य नहुँदो होत ती सबै गणना क्रमशः मिल्ने थिएन होला । त्यसकारण "बालस्याप्यर्थवद्वाक्यमुपयुञ्जीत पण्डितः" काम लाग्दो कुरा केटाकेटीले भनेको भए तापनि विद्वान्ले उपयोग गर्नुपर्छ भन्ने शास्त्रवचनलाई मैले मानेको छु ।

# ऐतिहासिक पत्रस्तम्भ

[ वि. सं. २०३४ मार्ग ६ गते राष्ट्रिय अभिलेखालय तर्फबाट ताप्लेजुङको ऐतिहासिक सर्वेक्षणमा खटिएका श्री शङ्करमान राजवंशी र श्री विश्वनाथ भट्टराइको भ्रमणटोलीले ल्याएका केही ऐतिहासिक कागजातको पाठ क्रमशः तल दिइन्छ ।

— सम्पादक ]

### स्वस्ति श्री मन्महाराजाधिराजकस्य रूक्का

आगे काजी वखतवार सिंह वस्न्यात छेत्रीके चैनपुरका लगापात वषतसुन्दर हिटिको घडचारी चनौटचा व्यासी खोल्यारूटो हालु खरक तसको सांध पूर्व चुंढुंगो थुंको दखिन फल्याटे थुंको पश्चिम ढुंगेगौडो उत्तर हिमाखोला येति ४ किल्ला भित्रको जगा हिटी फुलवारीका जगेरा निमित्त गुठी गरी बक्स्यौ आफ्ना षातिरजामासंग भोग गर इति संवत् १८४८ साल मिति वैशाख वदि ३ रोज ३ शुभम्------

चैनपुर बजार वडा नं. ८ भंज्याङ खर्कका नरपति पाध्या गौतमको सौजन्यबाट प्राप्त

### स्वस्ति श्री मन्महाराजाधिराजकस्य रूक्का

आगे वुस्यो दाङ राइका सन्तान पांचषपनराइ राइके हिजो हालहुलमा विराना देस भागि जान्या जो छौ हिजोको हित षुन मुडाहि पिछाहि माफ गरिवक्स्याको छ आफ्ना कुटाकोदालाले विह्रायाको षेत अपुतालि वाजि मामिलो आफ्नो आफ्ना गाउ घडेरि मकुवानिराजा दियाको थिति ज्याहा वस्न्या तम्म्रा दाज्यू भाइकन पनि थामिदियाको छ तिमि पनि आव त्यो सरह तिमिलाई पनि थामिवक्स्यौं इति संवत् १८५२ साल मिति मार्ग सिर दि ३० रोज ६ मुकाम शुभम्----

पूर्णकुमार लिङथेप प्र. पं. नलनारान लिङथेप वाधा वडा नं. १-२ माषादिन गा. पं. सं. स जी. हु. मादी कोशी अञ्चलबाट प्राप्त नकल

### स्वस्ति श्री महाराजाधिराजकस्य रूक्का

आगे वक्तवार सिंह वस्न्यातको चैनपुरका लगायेमा वखत सुन्दर हिटी मनराजी वकैचाको घडेरी चौउटे वेसी खोले रूम्टो हालु खरक संवत् १८४८ सालमा हिटी वकैचा-को सिहार गर्ने निमित्त--वाट मोहोर गरी वक्स्यामा तुलाराम पाध्ये गोतामेलाई राखेको रहेछ ६१ सालमा सर्कार जांच पर्दा पनि थामी वक्से कै हो वीचमा डागी-सापकोटा वाहुनले छापको मोहर गर्दा सांद मिच्न आयाछन् अमाली वसी षेलाका भलापंच साद वार राखी निरोपन गर्दा कट्टी भयाको रहेनछ डांगी जये नारा सापकोटाले गरी लगेको मोहरको वीसही गरी अधिकै मोहर वमोजिम को जगा पाखो रेखो पैदवार छिपो छापो वेठ वेगर घर गनी बुझी यो सीमा माफ गरी हिटी वकैचा फुलवारी गुठी-१-वाट पनि थामी वक्सनु भयाको ७८ सालमा कोल्ये सरूप विष्ट मेजर रामनाथ पाध्येको जांचमा श्रीजङ पल्टनमा दरिदा पल्टंवाट झिकी अधिकै मोहर वमोजिम थामी वक्स्यौं आफ्ना खातीरजमा संग भोगे इति गर संवत् १८७८ साल मिति आषाढ शुदि ६ रोज ५ शुभम्--

मार्फत दल भंजन पाडे मार्फत माथवरसिंह थापा राणा मार्फत प्राणशाह भीमसेन थापा

चैनपुर वजार वडा नं ८भंज्यांङ खर्कका नरपति पाध्या गौतमको सौजन्यबाट प्राप्त नकल

स्वस्ति श्री सर्वजांचकस्य छोयाको रिमजिम छ कतुके पुर्जि उत्तर १४ गालैंको लामा भई असिना थामनु दशलामा

सरह खानु दश लामाले तिन्या वमोजिम तिर्नु भनी पूर्जि गरि दियूं इति संवत् १९०५ मिति चैत्र शुदि ३ रोज शुभम्-- उमानाथ सुवेदी भोलानाथ गौली संखुवा सभा जिल्ला कार्यालय को सौजन्यबाट प्राप्त नकल

श्री

| | |
|---|---|
| श्री ५ सर्कार | श्री शिव |
| १ | ३ |
| श्री वाज्यायू | श्रीवावाज्यू |
| १ | ४ |

## स्वस्ति श्री काजि मेघगंभिर सिंह वस्न्यात कस्य पत्रम्

आगे धनपति पाध्या वृहस्पति पाध्या महिपति पाध्या गोताम्या भाई गैह्र समेतको चयनपुरका अम्वल सिद्धिपुरमा लडायी हुँदा हाम्रा...वाट हान मार गरी वषत सुन्दर हिटी र मनराजी वघैचा वनाई–२–मा विन्ती पारि त्यो गुठी जगाको लालमोहर गराई तिम्रा वावा तुलाराम पाध्या गोताम्यालाई कुल कविला समेत लगि वस भनि राष्याको रहेछ पछि तिन्ह्रुले पौवा वनाई–३–स्थापना गरी जात-जातका विरूवालगाई वघैचा गुलजार गर्दा–१–वाट वन्दो-वस्त गरिदिया वमोजिम–४–वाट पनि दस्कत गरि दियाको रहेछ आज हामीवाट पनि सो वमोजिम थामि दियाकै छ वेघैचामा जातजातका विरूवा लगाउनु गाउँघर गुलजार गर्नु हिटि वघैचा को चिताय नगरि हेमायत गर्न्या रैतिलाई गाउँ घरमा नराषनु गुठिका षेत पाषा को पैदावार जो उठ्छ तेसले पौवा हिटि वघैचाको मर्मत र रोजरोजका पूजाको षर्च अक्षता गर्नु नागपंचमिमा व्रह्मण भोजन गराउनु गुठि भित्रका कुर्‍यिालाई वघैचाको काम लगाउनु जोगि संन्यासी फकीर फगेडा व्राह्मण भलाआद्मी आउँदा वेलावेलाको फलफुल जो आया पनि दिनु सालिंदा ताहाको फलफुल र कागती ज्यावीर निवुवाको चुक तेस वघैचामा फल्याका रूद्राक्षठूला ठूला दाना हामी संग दाषिला गर्नु भंन्यां वंदेज वांधी अघि भयाका दस्कत वमोजिम आज सम्म तिमिहरूले चर्च्या वेहोर्‍याका गुठिको जगाषेत पाषो आज हामीवाट पनि थामि दस्कत गरिदियूं आफ्ना षातिरज्मा संग जगा अवाद गुलजार गरि–२–को जय मनाई हामिलाई आसिरवाद दि चलं गरि वस इति संवत् १९०७ साल मिति फागुण वदि १२ रोज शुभम्--

चैनपुर बजार वडा नं. ८ भंज्याङ खर्कका नरपति पाध्या गौतमको सौजन्यबाट प्राप्त

## स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री वर्गेदिये र जनरल खडगवहादुर साह वहादुर राणाजीकस्य पत्रम्

आगे वनपति पाध्याके चयेनपुरका लगामा वषत सुन्दर हिटि मनराजी वघैचा को गुठी का सिवाना भित्र लाल-मोहोरले जगेरा गरि अगिदेषि आज तक सम्म पालि आया-को वा गोगन्या डाडा वरि संन्यासि डाडा सम्म येकल्याको मुख फचिवि माफि जगेरा गरि पाली राख्याकै थियो आज काल अन्त रैकर पट्टिवाट नमागी वलमिचि चोरि विमाष पारि उजार गरि काटि दिया थितिबंदेज रहेन भनि तिमि-ले हाम्रा हजुरमा विन्ति गर्न आउँदा जाहेर भयो अव उप्रान्त अघिदेषि मोहरदस्कतले आजतक सम्म जगेरा पाली आयाको वन कसैले नकाट्नु षोरिया नफाड्नु केही कां विसेस चाहियामा चिताइदार सित मागि काट्नु नमागी वलजकतले चोरि जस्ले काट्छ तस्लाई पक्री चैनपुर अमालमा लैगी अैन वमोजिम दंड गराउनु भनि थिति वंदेज वावत दस्कत गरि दियुँ आफ्ना षतिरज्मा सित लाल मोहोर वमोजित जगेरा गर इति सवत् १९१२ साल मिति फागुण वदि १४ रोज ४ शुभम्--

चैनपुर बजार वडा नं. ८ भंज्याङ खर्कका नरपति पाध्या गौतमको सौजन्यबाट प्राप्त नकल ।

## स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री जनरल षड्ग वहादुर कुंवर राणाकस्य पत्रम्

आगे मैवा षोला को सुवा सर्वजीत समेत ७ सुवा गैह्रको जेथो जीत उप्रांत नुकुवामाथि फछाट्या मनी माकमाया पर ङरूवा वडोमा वर येती भीत्रका वन अघी देषी पनि जगेरा निमित्त पाल्याको थीयो आजकाल जत्रतत्रवाट रूष काटी षोरिया फाडी विमाष गरी दिया कम्वु पल्टं र गकंपनीका षेत का सिह्रान मुद्दा र कुलाका मोहन गाईका सिह्रान पुछर पैरो लागि वस्ती उठाउनु लाग्यो यसो भया हांम्रो थिति रहेन भनी तिमिहरूले हाम्रा हजुरमा विंती

पार्दा जाहेर भयो अव उप्रांत लुकुवा माथि फलाट्या मनी मांकामायी देखि वर डरूवा वडौमा वर यति भित्रका अवादी सुवारी वाहेक जत्रतत्रवाट चौ वन्देज गरी वन रूष वासि नौगाला नकाट्नू कम्पुपल्ट कम्पनीका षेत सिह्लान पुछिर कुलाका सूहुनका रूष नकाट्नु काज विशेष चाहियो भन्या गाउल्याले चिताइदारका सहलासँग काट्नु चिताइ-दारलाई चाहियो भने गाउल्याका सलहा संग काट्नु जस्ले यो वन्देज नाघी रूष काट्ला षोरीया फाड्ला तेसलाई अमालमा लगी दंड गर्नु भनी वनपाला जगेराको दसकत गरी दिनु इति संवत् १९१७ साल मिति वैशाष वदी २ रोज ७ शुभम्--

देववहादुर नेयङ जसवहादुर नेयङ मैवाखोला सांधु ताप्ले-जुङग को सौजन्यवाट प्राप्त नकल

## स्वस्ति श्री लेप्टेन सिवप्रसाद सिंह वस्न्यात क्षेत्रिकस्य पत्रम्

आगे चैनपुर अड्डाका डिठ्ठा विचारि थरि मुषिया के यथोचित उप्रांत हाम्रा वषत सुन्दर हिटि मनराजि वगैचा गुठिको डंड कुँड परिआयाको हाम्रा सनदलि आउन्या दुवाऱ्या मुषिया गुठियार हाम्रा गुठि जगामा अैन वमोजिम गर्न्या छं हामीले पठायाका मुषिया दुवाऱ्या गुठियार तेस गुठिजगामा हामीले हाकिम गरि पठायाका डुवाऱ्या मुषिया गुठियारले तेस गुठि भित्रका रैतिलाई पऱ्याको षेत मामला अंनमा विश्वास पारि विजाई विदोत गरि षत केहि पाऱ्या छ र पछि चुकेका ठहऱ्यो भन्या हाम्रा गुठिमा पठायाका दुवाऱ्या मुषिया गुठियार ले तेस गुठिका रैता भित्रमा पाऱ्याको षत् हामिथाहि इनहरूले विरायाको षेत वुझी अैन वमोजिम सजाई गर्न्या छौ तिमिहरूलाई तेस गुठिको कसैले मालिक तुल्याई हाम्रा जग्गामा पठायाको छैन हामीले पठायाका दुवाऱ्या मुखिया गुठियार लाई ताहा तिमिहरूले हाम्रा गुठि जगा भित्र पऱ्याको मामला मुद्दा दामकामगर्नु भनि तिमिहरूलाई हाम्रा जगाको कसैले मालिक तुल्याई गुठमा पठायाको छैन हाम्रा गुठि जगाका रैतिको र हामिले पठायाका दुवाऱ्या मुषिया गुठियारको तिमिहरूलाई कसैले मालिक गराई पठायाको छैन हाम्रा मुठि जगाको जाई विजाई हामि याहि अैन वमोजिम हेरि छिन्याछौ तिमिहरू र हाम्रा गुठि मामला माथि गर्नामा लागि हाम्रो जगा विगार्नामा लाग्यो भन्या तम्रो हाम्रो नरामरो पर्ला सो वुझि आफ्नु अड्डाको काज गर इति संवत् १९२३ साल मिति माघ वदि ५ रोज ६ शुभम्--

चैनपुर वजार वडा नं. ८ मज्याङग खर्कका नरपति पाध्या गौतमको सौजन्यवाट प्राप्त नकल।

## चैनपुर भीमसेन थानको घण्टाभिलेख-

श्री भीमेश्वराय नमः दोर्दण्डेन येन वलेन निहती दोर्दण्ड दुस्शासनं युद्धे भीषणपादघातगदया दुर्योधनयोधन यो हन्ति समुलं प्रचण्ड वलिनं कामातुरं कीचकं सन्चूर्ण भयदं भयङ्करभिमं श्री भीमराज भजे। श्री संवत् १९३८ साल मंसीर शुदि १५ रोज २ मा नेपाल पाटन धालछे कुटालको हाल चैनपुर वजार वस्ने कृष्णवीरको छोरा हीरा लाल को दाजु मोतीलालको नाममा चढाएको हाल संवत् १९९१

स्वस्ति श्री जिम्वावालराई उदिर्मान राई हस्त-वीरहरूको रातामाटे वस्न्या व्वलु चापागाइको पूर्जि उप्रान्य थपलेषेत हाम्राजिमाका भर्ना विह्लाउन्यालाई निज-वालुका स्वाराधुसेनी रंतीका छेउका लोहोस्या नारूवा कसैका संद्धि सर्वन पानीघाट नलाग्ने जगा वारी पारी खोल्छा लोहोस समेत ३ ठाउँ गरी निज मोहियालाई विह्लाउन हाम्रा जिम्माका थप्ल्यामा भर्ना दिनु मुरि १ के कुत रू.। वाली हामी संग वुझाउनु भनी नीजलाई षेत विह्लाउन्या घुसेनी दीनमा मोहियाले जाचमा यो पूर्जि वमोजिम ढडामा नाउँ दर्ता गर्नु भनी पूर्जि गरी दियां इति संवत् १९४८ साल मिति माघ वदि १ रोज ६ शुभम्--
थरी इन्द्रवहादुर गौली संखुवा सभा जिल्ला गा.पं. तुम-लिङटार वडा नं. ९ रातोमाटेका सौजन्यवाट प्राप्त नकल

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नरनारायणे त्यादि विविध विरूदावली विराजमान मनोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ओंराम पट्ट अतुल ज्योतिर्मय त्रिशक्ति पट्ट गोरखा दक्षिण वाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्यान्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजा महेन्द्र वीर विक्रम जंग वहादुर शाह वहादुर शम्शेर जंग देव ानाम सदा समर विजयिनाम्--

आगे हाम्रो नेपाल अधिराज्य पल्लो किरातका लिम्बु किपटिया गैरके यथोचित तिमीहरूले अघिदेखि हाम्रो

सरकार प्रति वफादर रही वखत वखतमा वहादुरी देखाई सोझो चिताई देश सेवा गरेको कुरा हाम्रा हजुरमा जाहेर छ र हामीवाट सो कुराको दिलै देखि कदर गरी वक्सेका छौ आफ्ना पुरूखाहरूले गरेको वफादारी वहादुरी र देश प्रति गरेको सच्चा सेवालाई नविर्सी अब उप्रान्त पनि सो कुरा महशूस गरी देशको यस किर्तिलाई दिनपर दिन घटाउने हेतुले देशको अव हुने विकास कार्यमा समेत तिमीहरू अघिजस्तै सफल हुने छौ भन्ने पदवी वक्सि थिति रिति कायम राखी बक्सेका छौ यो विकास कार्यतर्फ पञ्चायत वाट सक्रिय सहयोग हुने नै छ। सरकार पनि कति प्रयत्नशील छ सो कुरा तिमीहरूबाट छिपेको छैन तिमिहरू वस्ने टाउँ जिल्लाको समेत विकास हुने काम तिमिहरूको आफ्नै हित को काम जानी यसमा पूरा ध्यान दिई सोझो चिताई थिति जानी भोग गर ईति संवत् २०१७ साल चैत्र २७ गते रोज ७ शुभम्——

श्री गंगाप्राईमरी प्राथमिक स्कूल का हेड माष्टर तेजवहादुर फागो तथा सांगु पञ्चायत वडा नं. ९ ताम्राङ मैवाखोला ताप्लेजुङ का सुव्वा लालाङ फागो का सौजन्यबाट प्राप्त नकल ।



वराहक्षेत्रको प्राचीनतम वराहमूर्ति

# वराहक्षेत्रको प्राचीनतम वराहमाथि एक संक्षिप्त टिप्पणी

– रमेशजंग थापा

नेपालमा विष्णुको वराह अवतार सम्बन्धी मूर्तिहरू अपेक्षाकृत सीमित संख्यामा पाइन्छ । त्यसमाथि पनि यसको प्राचीन उदाहरण त झन एकदमै कम छ । अहिले सम्म काठमाडौं उपत्यकाको धुमवाराही क्षेत्रको सुप्रसिद्ध वराह मूर्तिलाई नेपालको सर्वश्रेष्ठ र पुरानो मूर्ति मानिआएकोमा यता आएर कसै कसैले भादगाउँ (सिद्धपोखरी) को अपेक्षाकृत निकै सानो एउटा वराह मूर्तिलाई यस परम्पराको प्राचीनतम उदाहरणको रूपमा प्रस्तुत गर्न खोजेको देखिन्छ (१)। यो सत्यको कति नजिक छ भन्ने कुरा अझै एउटा वादविवाद र गहिरो अध्ययनको विषय भएकोले यहाँ यसको धेरै चर्चा गरिने छैन । उपरोक्त दुई मूर्तिका अतिरिक्त, पछिल्लो कालको, दसावतारका सिलसिलामा प्रतिनिधित्व भएको वराह मूर्ति उपत्यकाको अन्य स्थानहरूमा पनि पाइन्छ । वास्तवमा, काठमाडौं उपत्यकामा वराहको धार्मिक प्रभाव र लिच्छविकालमा नै जनजीवनमा यसको लोकप्रियताको निश्चित प्रमाण अभिलेखबाट पनि पाइन्छ (२)। अर्कातिर, पश्चिम नेपालमा पनि पुरातात्त्विक अन्वेषणका सिलसिलामा पूर्व–मध्यकालीन वराहको एउटा

---

१. रूद्रमती (धोबीखोला) को नजिक धुमवाराही क्षेत्रमा रहेको वराहको यो भव्य र विशाल मूर्तिको कालनिर्धारणका सम्बन्धमा मतभिन्नता पाइन्छ । यस मूर्तिको निर्माण काल कसैले पांचौं कसै कसैले छैठौं र अझै अर्को थरिले सातौं शताब्दी हुनु पर्ने अनुमान गरेको छ । श्री मदनजीत सिंहले पांचौं, डा० पालले अघि छैठौं र पछिको प्रकाशनमा सातौं तथा श्रीमती मेरी स्लुसर र श्री गौतम बज्रले निश्चित रूपमा छैठौं शताब्दी हुनु पर्ने मत व्यक्त गरेको छ । यति मात्र होइन श्रीमती मेरी स्लुसर र श्री गौतम बज्रले, 'गोपाल राजवंशावली मा वर्णित धरणीवराह विष्णु यही नै हुनुपर्ने र भौम गुप्तले ईशाको ५६७ देखि ५९० को बीचमा यसको स्थापना भएको हुनुपर्ने, कुरामा विशेष जोड दिएको समेत पाइन्छ । डा. पालले आफ्नो पुस्तक'Vaisnava Iconology In Nepal' मा धुमवाराहीको यो वराहलाई, बुध गुप्तको दामोदरपुर ताम्रलेखमा उल्लिखित श्वेतवराह स्वामी हुन सक्ने तर्क प्रस्तुत गर्नु भएको छ । यो तर्क विश्वसनीय नभएकोले स्वीकार योग्य छैन । धुमवाराहीको वराह मूर्ति ईशाको छैठौं शताब्दी ताका नै निर्माण भएको हुनुपर्छ भन्ने कुरामा कुनै द्विविधा छैन । धुमवाराहीको वराहका सम्बन्धमा व्यापक अध्ययनका लागि निम्न बमोजिमको पुस्तकहरू हेर्नु होस्–

1. P. Pal, Vaisnava Iconology In Nepal.
2. Slusser and Gautamavajra, Some Nepalese stone sculptures: A Reappraisal within Their cultural And Historical Context.
3. P. Pal, The Arts of Nepal, Vol I, Sculpture.

२. नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको शिलालेखमा यसको उदाहरण पाइन्छ । विशेष अध्ययनका लागि "अभिलेख संग्रह" भाग १ (संशोधन मण्डल) श्री हरिराम जोशीको "नेपालको प्राचीन अभिलेख" र श्री धनबज्र बज्राचार्यको "लिच्छविकालका अभिलेख" हेर्नु होस् ।

राम्रो उदाहरण फेला परेको छ (३)। पश्चिम नेपालको अन्वेषणको क्रममा वराहको यो भन्दा पुरानो नमूना फेला पार्न सकिएको छैन।

उपरोक्त पृष्ठभूमिमा, यस संक्षिप्त टिप्पणीमा, पूर्वी नेपाल स्थित वराहक्षेत्रको त्यस प्राचीनतम र सर्वश्रेष्ठ वराह मूर्तिको चित्र र विवरण यहाँ पहिलो पटक दिन लागेको छु। यसको परिचय नेपाली कला-इतिहासको अहिले सम्म प्रकाशित महत्त्वपूर्ण पुस्तकहरूमा समेत दिइएको छैन। वराहक्षेत्रको यो वराह मूर्ति १५६ सेण्टीमिटर अग्लो र ७७ सेण्टीमिटर चौडा छ (चित्र नं. १,२,३)। यसको सिरो भाग र बाहुली कालक्रमले गर्दा र पहिरोमा परेर नराम्ररी फुटेको छ। वराहको देब्रे पाउलाई आदिशेषले आफ्नो अञ्जलीमा ग्रहण गरेको छ भने भगवानको दाहिने पाउ बडो अपठ्यारो प्रकारले आदिशेषकै शरीर माथि कठोरताका साथ स्थिर छ। यसै प्रकारले देब्रे बाहुली, वराहको देब्रे पाउको घुंडा माथि बलियोसंग अडेको छ। दाहिने बाहुलीको प्रायः पुरै भाग फुटेकोले त्यहाँ पृथ्वीको प्रतिनिधित्व भएको थियो-थिएन वा भए कस्तो थियो भन्ने कुरा निश्चय गर्न सकिने अवस्था छैन। वराहको घाँटीमा हार देखिन्छ, तर धुमवाराहीको वराह विपरीत वराह-क्षेत्रको यो वराहले यज्ञोपवित ग्रहण गरेको देखिँदैन। शरीरको सन्तुलन माथि विचार गर्दा सम्पूर्ण प्रस्तुतिकरण बोझिलो देखिन्छ। पेटको भाग अपेक्षाकृत ठूलो देखिन्छ। कदाचित आदिशेषको प्रस्तुतिकरण, अहिलेसम्म उपलब्ध अन्य मूर्तिहरू भन्दा स्वाभाविक र भावपूर्ण छ। आदिशेषको भाव विस्मय, भय र करूणामिश्रित छ। परिधान (वस्त्र) प्राचीनतम शैलीमा प्रस्तुत गरिएको पाइन्छ। साथै मूर्तिको पादपीठको दाहिने कुनामा भक्तगणलाई आराधना गर्न लागेको मुद्रामा देखाइएको छ।

उपरोक्त मूर्तिको सबै लक्षण र पक्षहरू माथि विचार गर्दा यसको निर्माण ईशाको चतुर्थ शताब्दी ताका भएको अनुभव हुन्छ। स्पष्टतः वराहको यो मूर्ति कुषाणकालीन प्रभावबाट पूर्णतः मुक्त हुन सकेको छैन। अझै अर्को किसिमसंग भन्ने हो भने यसमा कुषाणकालीन विशेषता र लक्षणहरू बढी मात्रामा प्रतिबिम्बित भएको पाइन्छ। कुषाणकालका कतिपय मूर्तिहरूसंग यसको तुलनात्मक अध्ययन गर्दा यो कुरा स्पष्ट हुन्छ (४)। अर्कातिर यति प्राचीन मूर्ति वराहक्षेत्रमा फेला परेकोले बुध गुप्तको ईशाको पाँचौं शताब्दीको दामोदरपुर ताम्रलेखमा उल्लिखित विवरणलाई पुष्ट्याइँ र बल मिलेको छ (५)। साथै सो अभिलेखमा उल्लेख भएको वराह मूर्ति मध्येको एउटा वराह मूर्ति यही नै हुनु पर्ने बलियो संभावनालाई सहजै अस्वीकार गर्न सकिँदैन। यस प्रकारले यस असाधारण मूर्तिको श्रेष्ठतम महत्त्व स्पष्ट हुन्छ।

वराहक्षेत्रमा नै, उपरोक्त मूर्ति भन्दा केही शताब्दीहरू पछिको, एउटा अर्को प्राचीन र भव्य मूर्ति पनि देखिएको छ (चित्र नं. ४)। यसमा ठूलो गति, ओज र दृढताको प्रदर्शन भएको पाइन्छ। यस मूर्तिका साथै वराहक्षेत्रमा पाइने वराहका अन्य धेरै मूर्तिहरूको चर्चा गर्ने यस संक्षिप्त टिप्पणीको तुरून्तको उद्देश्य नभएकोले यसबारेमा यहाँ धेरै छलफल गरिने छैन।

---

३. पश्चिम नेपाल सम्बन्धी सामग्रीहरूका लागि हेर्नु होस्, पुरातत्व विभागको मुखपुत्र, प्राचीन नेपालको संयुक्ताङ्क (संख्या ३०-३९)।


४. यस सिलसिलामा कुषाणकालीन मूर्तिहरूको तुलनात्मक अध्ययनका लागि John M. Rosenfield को "The Dynastic Arts of The Kushans" हेर्नु होस्।

५. बुध गुप्तको यस दामोदरपुर ताम्रपत्रमा कोकामुख स्वामी र श्वेतवराह स्वामीको उल्लेख भएको छ। कोशी र कोकाको संगममा अवस्थित वराहक्षेत्र प्राचीनकालदेखि नै एउटा प्रसिद्ध तिर्थस्थल थियो। पाँचौं शताब्दीमा, बुध गुप्तको समयमा यसको ख्याति भारतको विस्तृत भूभागसम्म फैलिएको थियो। महाभारत, ब्रह्म पुराण, वराह पुराण आदिमा पनि यी देवताहरूको उल्लेख भएको पाइन्छ।

वराहको यो मूर्ति वराहक्षेत्रको वर्तमान तिर्थस्थल निरने पहिरो जांदा निस्किएको हो। गत वर्ष र सो भन्दा अघि पनि वराहक्षेत्रको भ्रमणमा जांदा पहिरो गएको ठाउँको अवलोकन गर्ने अवसर पाएको थिएँ। वराहक्षेत्रको सबै भन्दा विशाल यो मूर्ति अहिले उत्तर तर्फको एउटा सानो र साधारण मन्दिर भित्र राखिएको छ।



प्राचीनतम वराहमूर्तिको बीचको भाग (नजीकबाट)



प्राचीनतम वराहमूर्तिको तल्लो भाग (नजीकबाट)

फलक नं. ३



वराहक्षेत्रको दोस्रो प्राचीन वराहमूर्ति

सारांशमा, बराह क्षेत्रको पहिलो विशाल मूर्तिले नेपाली मूर्तिकलालाई असीम गरिमा प्रदान गरेको छ। साथै नेपाली कला-इतिहासका अन्वेषकहरूकोलागि यो एउटा नयाँ जिज्ञासाको विषय पनि बनेको छ। उल्लिखित मूर्ति, नेपालमा मात्र नभई, पूरा भारतीय उपमहाद्विपमा नै आजसम्म फेला परेको विष्णुको वराह अवतार सम्बन्धी प्राचीनतम मूर्तिहरू मध्ये एक हो।

# अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय

– शङ्करमान राजवंशी

लिच्छवि प्रभुत्वको विलीनावस्था–

नेपालमा लिच्छविको उदय भएपछि लिच्छविको प्रभुत्व क्रमशः बढ्दै गयो र प्रथम मानदेवका पालामा गएर मानदेवको प्रभुत्व पूर्वपश्चिममा समेत फैलियो। मानदेवका नाति वसन्तदेवका पालादेखि लिच्छविको प्रभुत्व घट्न थाल्यो। वसन्तदेवको पालामा शासनको प्रभुत्व गुप्तको हातमा गयो। त्यसपछि गुप्तको प्रभुत्व बढ्दै गणदेवको पालामा गएर भौमगुप्तको प्रभुत्व चरम सीमामा पुगेको देखा पर्‍यो। यी भौमगुप्त त्यसबखत मानो शाहकालको श्री ३ महाराज जत्तिकै थिए भन्ने कुरा पशुपति देउपाटनको स्वामीवार्तको अभिलेखले बताउँछ।

लिच्छविसंवत् ४८७ (शक ४६५) को उक्त स्वामीवार्तको अभिलेख शङ्करनारायण मूर्ति स्थापना गरी राखिएको हो। त्यस अभिलेखमा तात्कालिक राजनैतिक अवस्थालाई स्पष्ट झल्काइएको छ। गद्दीमा लिच्छवि राजा गणदेव भए तापनि शासनको वागडोर भौमगुप्तको हातमा रहेको कुरा स्पष्टचाएको छ। स्वामीवार्त त्यस बेलाको प्रसिद्ध भारदार थिए। तिनले भौमगुप्त उपर भक्ति प्रकट गरी भौमगुप्तलाई परम दैवत भन्ने विशेषण लगाएका छन्। यसबाट त्यसबखत वास्तव राजा भौमगुप्त नै थिए भन्ने झल्काएको छ। यी भौमगुप्तको प्रभुत्व गणदेव, गंगादेव, शिवदेवको पालासम्म जगजगी थियो। गुप्तको जगजगीले गर्दा लिच्छवि राजाको नाम समेत अभिलेखमा उल्लेख हुन छोड्यो। गुप्तहरूले लिच्छवि राजालाई विलासमा भुलाई अल्छी बनाइसकेका थिए। स्वयंले शिवदेवले स्थापना गरेको विष्णुपादुकाफेदीको अभिलेखमा विलासद्वारा अल्छी भई विस्तारै हिंडेका वासुदेवले रक्षा गरून् भनी दिइएको स्तुतिमा आफ्नो उद्गार व्यक्त गरेका छन्।

अंशुवर्माको राजनीति संगठनको फल–

यसरी लिच्छवि राजाको प्रभुत्व विलीन हुन गएको देखेर लिच्छवि राजा शिवदेवको मन खड्कन थालेको थियो। तर आफ्नो शक्ति विहीन हुँदा केही गर्न सक्ने आँट थिएन। शिवदेवका भानिज अंशुवर्मालाई नीति निपुण शक्तिशाली चतुर व्यक्ति देखेर शिवदेवले भानिज अंशुवर्माको सहायताद्वारा भौमगुप्तको हातमा गएको शासन अधिकार खोस्ने विचार गरे। त्यही विचारलाई साकार गर्न शिवदेवले अंशुवर्मालाई हात लिए।

भारतमा नन्दवंशलाई खतम गरी मौर्यसाम्राज्य खडा गर्नमा मुख्य सूत्रधार चाणक्य भए जस्तै नेपालमा विलीन भएको लिच्छवि प्रभुत्वको उत्थान गर्नमा मुख्य सूत्रधार अंशुवर्मा भए। अंशुवर्माले लिच्छविसंवत् ४९६ (शक ४७४) मा केही भारदारहरूलाई संगठन गरी शिवदेवको नेतृत्वमा गोप्य रूपमा एउटा परिषद खडा गरे। त्यस परिषदका मुख्य सञ्चालक अंशुवर्मा थिए। अंशुवर्माको बुद्धिचातुर्यद्वारा त्यस परिषदले शिवदेवको नाममा शिवदेवलाई झण्डा बनाई जनतालाई हातमा लिन थाले। गुप्तको विरोधमा जनतालाई जागरणमा ल्याए। त्यस परिषदले गरेको काम अनुसार लिच्छवि संवत् ५१२ (शक ४९०) मा भौमगुप्तको तेजोबध भयो। यो कुरा विष्णुपादुकाफेदीको लिच्छविसंवत् ५१२ को शिवदेवको अभिलेखले स्पष्टचाएको छ।

**भौमगुप्तको पतन र लिच्छविको प्रभुत्व स्थापन—**

शिवदेवको उक्त अभिलेखमा भौमगुप्त सर्वदण्डनायक महाप्रतिहार भन्ने उनको पद पूर्ववत् कायमै छ तापनि पहिलेदेखि लिइ आएको राजोचित 'श्री' को मान खोसिएको छ। शिवदेवले आफ्नो मनको भाव प्रकट गरी यो राज्य लिच्छविको हो लिच्छवि केवल नाममात्रका राजा होइनन् भनी आफूलाई 'लिच्छवि कुलकेतु भट्टारक महाराज' लिच्छविकुलका झण्डा स्वरूप भएका भट्टारक महाराज भनेर सो अभिलेखमा उल्लेख गरे। यसबाट शिवदेवको ख्याति पनि बढ्दै गएको कुरा "सतत समुपचीयमान शशाङ्ककिरणामलयशः प्रतान" बढ्दै गइरहेको शुक्ल पक्षको चन्द्रमाको जुन जस्तो सफा कीर्ति फैलिएका भनी शिवदेवलाई विशेषण लगाएबाट स्पष्ट छ।

अंशुवर्माको अभ्युदय र शासन व्यवस्थाको सुधार—

यसपछि अंशुवर्माले भौमगुप्तको स्थान ग्रहण गरी शासनमा भाग लिएर अगाडि देखापरेको कुरा चांगुको शिवदेव-अंशुवर्माको अभिलेखले देखाउँछ। अंशुवर्मालाई शिवदेवले श्रीसामन्त भन्ने पदवीले विभूषित गरी अंशुवर्माको सल्लाह अनुसार कोट (किल्ला) बनाउन जग्गा साटी सनदपत्र गरिदिएको कुरा उक्त अभिलेखमा उल्लेख गरेको छ। साथै कतिपय सामन्तहरू अंशुवर्माको पक्षमा मिलेको र अंशुवर्माको कीर्ति फैलिएको कुरा पनि उल्लेख गरेको छ। अंशुवर्मालाई राजोचित श्री पद समेत दिएको हुनाले अंशुवर्मा उच्च दर्जामा पुगेको कुरा यसबाट ज्ञात हुन्छ।

त्यस अभिलेखमा "अनेन साकं समवाय्य शिलापट्टक शासनमिदं वो दत्त" उनीसंग मिली यो सनद शिलापत्र तिमीहरूलाई गरी दिइयो भनी उल्लेख गरेका हुनाले शिवदेवले अंशुवर्मासंग मिली संयुक्त शासन चलाएको भन्ने कुरा स्पष्ट छ। यसरी शिवदेवको सल्लाहकार भई अंशुवर्माले शासन चलाएको हुनाले शिवदेवले अंशुवर्मालाई पछि गएर "महामन्त्राधिराज श्री सामन्त" प्रधान मन्त्री भन्ने पदवी दिएको कुरा बनेपाको शिवदेव अंशुवर्माको अभिलेखले बताएको छ।

यसरी अंशुवर्माले आफ्नो हातमा शासनको केही अधिकार आएपछि पाटनको यूपग्राम द्रङ्गमा कुथेर लिग्वल शुल्ली, मापचोक आदि अधिकरणले पञ्चापराध सम्बन्धी काममा पनि पस्न नपाउने व्यवस्था गरी ग्राम तलद्रङ्ग आदि विभिन्न तहका वस्तीका प्रजालाई प्रशासन सम्बन्धी अधिकार सुम्पी स्वायत्त शासनलाई प्रोत्साहन दिई शासन व्यवस्थामा सुधार गरेको कुरा पाटन भीमसेनस्थानको शिवदेव-अंशुवर्माको अभिलेखमा व्यक्त गरिएको छ।

अंशुवर्माको जोडदार क्रान्ति·

अंशुवर्माको बढ्दो उन्नतिमा डाहा गर्ने गुप्तहरूले पनि अंशुवर्मालाई खतम गरी शिवदेवको तखत लिने एक षडयन्त्र रचेका थिए। तर अंशुवर्माको चातुर्यले ती षडयन्त्रकारीहरूको षडयन्त्रलाई दमन गरिदिए। यस उपलक्ष्यमा शिवदेव खुशी भएर लि सं. ५१६ (शक ४९४) ज्येष्ठमा अंशुवर्मालाई श्रीमहासामन्त पदले विभूषित गरिदिए। यो कुरा भक्तपुर गोलमाढी टोलमा रहेको शिवदेव अंशुवर्माको लिच्छवि संवत् ५१६ को अभिलेखमा अंशुवर्मालाई लगाएको विशेषणले व्यक्त गर्दछ। जस्तै-

"यथानेन प्रख्यातामलविपुलयशसा स्वपराक्रमोपशमितामित्र पक्षप्रभावेन श्रीमहासामन्तांशुवर्म्मणा विज्ञापितेन"

[सफा र ठूलो कीर्ति फैलिएका आफ्नै पराक्रमले शत्रुको दवदवालाई खतम पारेका यी श्री महासामन्त अंशुवर्माले हाम्रा हजूरमा विन्ति चढाउंदा]

(धनबज्रको लिच्छविकालका अभिलेख २५० पृष्ठ)

यसबाट पहिले भन्दा पनि अंशुवर्माको शक्ति मजबूत भइसकेको कुरा ज्ञात हुन्छ।

अंशुवर्माले दमन गरिएका शत्रुहरूले आफ्नो षडयन्त्रलाई बल्दो विष्फोटन गरी चारै तिर विद्रोह मच्चाए। यसरी आतङ्ककारी शत्रुहरूले ठूलो विद्रोह मच्चाउंदा ती विद्रोहीहरूको मुकाविला गर्न एक सुसंगठित सेना लिई अंशुवर्मा स्वयं अघि बढे। परस्परमा ठूलो घमासान भई कोलाहल मच्चियो। आखीर विद्रोहीहरूलाई अंशुवर्माले स्वत्तर पारिदिए। यो घटित घटनाको संकेत बूढानीलकण्ठमा रहेको लिच्छविसंवत् ५१७ (शक ४९५) आषाढको अभिलेखमा उल्लिखित अंशुवर्मालाई लगाइएको विशेषणले व्यक्त गर्दछ। जस्तै—

'पृथुसमर सम्पात निर्जयाधिगतशौर्य्य प्रतापोपहत-सकल शत्रुपक्षप्रभावेन सम्यक् प्रजापालन परिश्रमोपार्जित शुभ्रयशोभिव्याप्तदिङ्गमण्डलेन श्रीमहासामन्तांशुवर्म्मणा"

(ठूलो लडाइँको मैदानमा वाजी मार्दा भएको शुर्याइँ-को प्रभावले सारा शत्रुहरूको दवदवालाई सखाप पारेका, परिश्रम पूर्वक राम्ररी प्रजाको हेरचाह गर्नाले आर्जेको सफा कीर्तिले दिशाका छेउछाउ ढाकेका, श्रीमहासामन्त अंशुवर्माले)

(लिच्छविकालका अभिलेख २६१ पृष्ठ)

यस अभिलेखमा शिवदेवलाई "श्रुतनय विनयगाम्भी-र्य्यवीर्य्याद्यशेषसद्गुणगणाधारो" शास्त्र नीति विनय गम्भीर धैर्य पराक्रम आदि सम्पूर्ण असल गुण भएका भनी विशेषण लगाइएको छ। यसबाट शिवदेव शास्त्र पढेका कर्तव्याकर्तव्यको छयान विचार गर्न सक्ने तथा पराक्रमी गम्भीर शीलस्वभाव भएका व्यक्ति हुन् भन्ने थाहा हुन्छ।

यति भएपछि अंशुवर्मालाई शत्रुहरूले मुख हेर्नसम्म आंट गर्न सकेनन् भन्ने कुरा सतुंगलमा रहेको शिवदेव अंशुवर्माको लिच्छविसंवत् ५१९ (शक ४९७) पौषको अभिलेखमा अंशुवर्मालाई लगाइएको विशेषणले थाहा न्हुछ। जस्तै-

"शरद्घनशशाङ्कमुखेन शत्रुसंख्याप्रमितवलपराक्रमेण श्रीमहासामन्तांशुवर्म्मणा"

(शरद् ऋतुका वादल नभएका चन्द्रमा जस्तो उज्यालो मुख भएका शत्रुहरूले वल पराक्रम थाहा पाइएका यी श्रीमहासामन्त अंशुवर्माले)

(लिच्छविकालका अभिलेख २६४ पृष्ठ)

यसरी अंशुवर्माले राजनीति क्रान्ति गरी लिच्छवितखत उडाउन खोज्ने प्रमुख शत्रुहरूलाई सखाप पारी रक्तपात गरेको कुराको आफ्नो अभिव्यक्ति सांगाको अंशुवर्म संवत् ३२ (शक ५०७) को अभिलेखमा प्रकट गरेका छन्। जस्तै-

कर्णालङ्कारारौद्रश्वसदहिपवनव्यस्तपर्य्यस्तकेशं
प्रत्यग्रच्छेदतापान्वितरुधिरशिरोमालभा (लाङ्करक्तम्)
उच्चैर्मुक्ताट्टहासम्परिविगलदसृङ्नागचर्मोत्तरीयं
पायात्तद्रूपमैशं हिमगिरितनया भीत भीते क्षितं वः

(कानमा गहनाको रूपमा लाइराखेका डर लाग्दा सर्पहरूको फुत्कारको हावाले जटा छयान्नव्यान्न भएको भर-खरै काटिएको तातातातो रगत चुहिरहेको मुण्डमालाको कान्तिले शरीर रातो भएको ठूलो स्वरले खित्का छोडेर हांसिरहेको रगत चुहिरहेको हात्तीको छाला ओढेको पार्वतीले डराइ डराइकन हेरिएको महादेवको रूपले हामीहरूलाई रक्षा गरोस्)

(लिच्छविकालका अभिलेख ३३७ पृष्ठ)

राजा मानदेवले पूर्व पश्चिम दिग्विजय गरेका हुनाले आमाको नाउँमा तीनै लोकलाई विजय गर्ने त्रिविक्रम वामन मूर्ति स्थापना गरी आफ्नो दिग्विजयको अभिव्यक्ति प्रकट गरे जस्तै अंशुवर्माले सांगाको अभिलेखमा आफ्नो अभिव्यक्ति प्रकट गरेका हुन्। शत्रुसंग लड्दा आफ्नो जुल्फी छयान्नव्यान्न भएको अट्टहासले गर्जेको रगतले मुछिएको अंशुवर्माको अभिव्यक्ति स्पष्ट झल्कन्छ।

हाडिगाउँ चण्डोलको लिच्छविकालीन वराहमूर्तिले पनि अंशुवर्माको राजनीति क्रान्तिलाई इङ्गित गर्दछ। हिरण्याक्ष-ले अधिग्रहण गरिएको पृथ्वीमातालाई भगवान् वराहले जसरी खोसेर उद्धार गरेथे त्यसै गरी भौमगुप्तको मुठ्ठीमा गइसकेको राज्यश्रीलाई अंशुवर्माले खोसेर उद्धार गरेको तुलनाद्वारा उक्त वराहमूर्ति अंशुवर्माको मनोभावको द्योतक बुझिन्छ। यो मूर्ति अवश्यमेव अंशुवर्माले राजनीति क्रान्ति सफल भए पछि राखेको हुनु पर्छ भन्ने अनुमान हुन्छ।

अंशुवर्माको बढ्दो उन्नति-

यति भए पछि कर्तव्याकर्तव्य विचार गर्न सक्ने धैर्य-वान् शिवदेवको खुशीको मौकामा अंशुवर्माले आफ्नो निमित्त कैलासकूट भवन वनाउने अनुमति लिई कैलासकूट भवन वनाउन शुरू गरे। यो कुरा लिच्छविसंवत् ५२० (शक ४९८) को खोपासीको अभिलेखबाट ज्ञात हुन्छ। अनि राजासंग साधी स्वयं आदेश जाहेर गर्ने अधिकार समेत अंशुवर्मालाई शिवदेवले प्रदान गरेको कुरा धापासीको शिवदेव अंशुवर्माको लिच्छविसंवत् ५२६ (शक ५०४) वैशाखको अभिलेखमा 'मां विज्ञाप्य मदनुज्ञातेन' भन्ने शब्द प्रयोग गरेबाट थाहा हुन्छ। तत्र अंशुवर्माले लगतै आफ्नो नयाँ संवत् स्थापन गरी शक ५०४ ज्येष्ठमा कैलासकूट भवनबाट स्वयं आज्ञा जाहेर गरेको कुरा बुङमतीको अभि-लेखले ज्ञात हुन्छ। भौमगुप्तलाई खतम गर्न स्थापना गरेको परिषददेखि उठाएर यस वखत २९ वर्ष पुगेको हुँदा बुङमतीको अभिलेखमा संवत् २९ अंकित गरिएको

छ। यो संवत् अंशुवर्माले स्थापना गरेको हुनाले अंशुवर्म संवत् हो।

तर शिवदेवले अंशुवर्मालाई राज्यै सुम्पेको चाहिं थिएन। शिवदेवले पनि आफ्नो अस्तित्व कायम राख्न भौमगुप्तबाट शासन खोसेर राजकोष अधिग्रहण गरी कुवेर समान आनन्द भएको कुरालाई संकेत गरी वैश्रवण नाम अंकित टक चलाए। जुन टकमा धनको पोका अधिग्रहण गरिएको देखाइएको छ। यसरी शिवदेवले पनि नयाँ कीर्ति प्रतिस्थापन गरे। यसको लगतै आश्विनमा अंशुवर्मालाई आफ्नो अनुमतिद्वारा आदेश जाहेर गर्न लगाएको कुरा लेलेको शिवदेव-अंशुवर्माको लिच्छविसंवत् ५२६ (शक ५०४) को अभिलेखले व्यक्त गरेको छ। अंशुवर्मा त्यस वखत श्री ३ समानको राजा वरावर भइसकेका थिए। यसको एक वर्षवाद अंशुवर्माले मानगृहको मर्यादा राखी आफ्नो राज्याभिषेक पनि गरे। यो कुरा अंशुवर्माको हाडि गाउँको संवत् ३० (शक ५०५) ज्येष्ठको अभिलेखबाट ज्ञात हुन्छ। त्यस अभिलेखमा राज्याभिषेकको उल्लेख हुनुको साथै राज्याभिषेकको लागि तयारीको उल्लेख छ।

अंशुवर्माले संगठन गरेको परिषदको नाम उद्घाटन–

यसरी अंशुवर्माले आफ्नो हातमा पुरापूर शक्ति लिई द्वितीय राजा भए पछि भौमगुप्तलाई खतम गर्न आफूले स्थापना गरेको परिषदको नामलाई संकेत गरी आफूलाई श्रीकलहाभिमानी भनी घोषणा गरे। यो कुरा अंशुवर्म-संवत् ३२ (शक ५०७) आषाढको हाडि गाउँको अंशुवर्माको अभिलेखबाट ज्ञात हुन्छ। 'श्रीकलहाभिमानी'को वास्तविक अर्थ राजनीति क्रान्ति गर्नमा गर्व भएका भन्ने हो। किंतभने 'श्री' को अर्थ लक्ष्मी पनि हुन्छ, राजोचित सम्मानलाई बुझाउने राज्यश्री पनि हुन्छ।

अंशुवर्मा चाणक्य जस्ता राजनीतिमा निपुण विद्वान् थिए। तर चाणक्य जस्ता ग्रन्थ लेख्ने खालका थिएनन्। चाणक्यले नन्दवंशलाई खतम गरी मौर्यसाम्राज्य खडा गरे। अंशुवर्माले गुप्तको प्रभुत्वलाई खतम गरी लिच्छवि प्रभुत्व स्थापना गरे। तर चाणक्यले अंशुवर्मा जस्तै राजा हुन खोजेनन्, मौर्यसाम्राज्य खडा गरिसके पछि राज्यबाट अलग्गै रही चाणक्यले चाणक्यनीति शास्त्र जस्ता ग्रन्थ लेखे। अंशुवर्माले चाहिं राजनीति धर्मशास्त्रमा डुबुल्की मारी राजा हुन पुगे। चाणक्य र अंशुवर्मामा फरक यति नै छ।

लिच्छवि राजकुमार उदयदेवलाई युवराज घोषणा –

शिवदेवको नेतृत्वमा अंशुवर्माले स्थापना गरेको श्रीकलहाभिमान परिषदमा रामशील वार्त, भोगवर्मा गोमी, विप्रवर्मा गोमी, गुणचन्द्र वार्त, भोगचन्द्र वार्त, देश वर्मा गोमी, लच्छा गोमी, विक्रपसेन, स्थितिवर्मा, विन्दुस्वामीहरू सदस्य थिए। तिनमा अंशुवर्मा मुख्य थिए। त्यसैले अंशुवर्माले भौमगुप्तको स्थान ओगटे पछि क्रमशः यी सदस्यहरूलाई दूतकमा भाग दिएका थिए। अंशुवर्माले शिवदेवका छोरा उदयदेवलाई उमेर पुगी समर्थवान् भए पछि अंशुवर्मा संवत् ३७ (शक ५११) फाल्गुनमा युवराज घोषणा गरी लिच्छवि राजगद्दीको उत्तराधिकारी दूतक बनाए। आफू केवल महासामन्त अंशुवर्मा नामले मद्दतगार भई युवराज उदयदेवलाई राजनीतिमा तालीम दिए। तर युवराज उदयदेवको कमजोरी देखी शत्रु राजाहरूले दुःख दिने मौका छोप्न लागे। यो कुरा फर्पिङ-को अंशुवर्माको पालाको अभिलेखले व्यक्त गरेको छ। जस्तै–

"सकल सन्तप्तस्य कलीश्वरैरतिशठैर्नित्यङ्गुणद्वेषिभिर्लोकस्यास्य सुखावहो ... स श्रीमान्कलहाभिमानिनृपतिः सर्वज्ञतामाप्नुयात्।"

(गुणको द्वेष गर्ने कलिकालका राजाहरूले सधैं पिरिएको यस लोकलाई सुख दिने ...... उहाँ श्रीकलहाभिमानी राजा सर्वज्ञ हुनु होस्।)

(लिच्छविकालका अभिलेख ३६८ पृष्ठ)

शिवदेवको राज्य समाप्ति–

यसपछि श्रीकलहाभिमानी अंशुवर्माले पुनः राज्यमा विशेषरूपले भाग लिए र राज्य सञ्चालन गरे। अंशुवर्माको योग्यता एवं चातुर्य तथा नीतिज्ञतादेखि शिवदेव सन्तुष्ट थिए भन्ने कुरा उनले राखेका अभिलेखहरूमा अंशुवर्मालाई तारीफ भएबाट स्पष्ट छ। अंशुवर्माको योग्यताको कदर गरी अंशुवर्माको भरमा युवराज उदयदेवलाई सुम्पी शिवदेवले शक ५१३ श्रावण पछि सन्यास ग्रहण गरे। शक

५१३ श्रावणसम्म राजा शिवदेव मानगृहदरवारमा बिराजमान नै थिए भन्ने कुरा काम्तिपुर ज्यावहालको लिच्छवि संवत् ५३५ (शक ५१३) श्रावणको शिवदेवको अभिलेखले बताउँछ। अनि लिच्छविकुलकेतु तथा लिच्छविको प्रभुत्वको संकेत गरी पताकायुक्त सिंह अङ्कित श्रयंशुनामक टक चलाए। यो टकले पनि लिच्छवि र अंशुवर्माको द्वैधशासनलाई बुझाउँछ।

नेपाल भोट सम्बन्ध–

ठीक यसैताका तिब्वतमा स्रङ्चङगम्पोले राज्य विस्तार गर्न लागिरहेका थिए। अंशुवर्माको ख्याति चारै दिशा फैलिसकेको हुनाले अंशुबर्माको ख्याति स्रङ्चङगम्पोलाई थाहा थियो। अंशुवर्माकी छोरी राजकुमारी भृकुटी अत्यन्तरूपवती छिन् भन्ने कुरा पनि स्रङ्चङगम्पोले थाहा पाएका थिए। विजयी स्रङ्चङगम्पोले अंशुवर्मासंग राजकुमारी भृकुटी सुम्पने आशय प्रकट गरे। तर श्रीकलहाभिमानीराजा अंशुवर्मा स्रङ्चङगम्पोसंग दव्ने खालका थिएनन्। उनी स्रङ्चङगम्पोसंग मुकाविला गर्ने पक्षमा थिए। यो कुराको संकेत यिनै ताका राखेको नक्साल भन्सार हिटीको अशुवर्माको अभिलेखाबट झल्कन्छ। त्यस अभिलेखमा अरू राजालाई हात जोडी प्रणाम गर्न अघि नसर्ने भनी अंशुवर्माले आफूलाई विशेषण लगाएका छन्। तर राजकुमारी भृकुटी दूरदर्शी थिइन्। आफूद्वारा देशमा आतङ्क मच्चाउन चाहँदैन थिन्। राजकुमारी भृकुटीले स्वयं राजीभई स्रङ्चङगम्पोसंग शक ५१५ मा विवाह गरिन्। यसरी नेपाल भोट सम्बन्ध बाँधी नेपालको राज्य थाम्नमा भृकुटीको ठूलो हात छ। भृकुटीको विवाह पछि भोटसंग आफू हार स्वीकार गरेको भाव आउला भन्नानिमित्त अंशुवर्माले नेपालको इज्जत राख्न महाराजाधिराज श्रयंशोः भन्ने टक चलाए। अंशुवर्माको यो गौरवलाई लिच्छवि राजा उदयदेवले स्वीकारेको कुरा उनको चितलाङको अभिलेखले व्यक्त गर्छ।

भृकुटीको देन -

अंशुवर्माले गुप्तहरूसंग भएको संघर्षबाट के फुर्सत पाएका थिए फेरि स्रङ्चङगम्पोबाट अंशुवर्मा उपर अर्को खड्गो आइ पऱ्यो। स्रङ्चङगम्पोसंग शत्रुता मोलेको खण्डमा गुप्तहरूले साटो फेर्ने मौका भेट्टाउने सम्भावना थियो। क्रान्तिकारी श्री कलहाभिमानी राजा लत्रने खालका त अवश्य थिएनन्। उनी स्रङ्चङगम्पोसंग मुकाबिला गर्ने पक्षमा नै थिए। तर दूरदर्शी भृकुटीले स्रङ्चङगम्पोसंग आफू समर्पित भई नेपाल देशलाई शान्ति राख्नुको साथै एक यस्तो प्रतिज्ञा गरिन् कि लडाइँ गरी विजय गर्नु मात्रै विजय होइन अशोकले धर्मद्वारा मानसिक विजय गरे जस्तै मैले पनि भोटमा धर्म विजय गर्नेछु भनी पिताको आत्मग्लानिलाई सन्तुष्ट पारिन्।

विदुषी भृकुटीले नेपालका शीलमञ्जु आदि केही विद्वान् एवं केही कलाकारहरू तथा मूर्ति एवं ग्रन्थहरू साथै लगिन् र स्रङ्चङगम्पोलाई आफ्नो खुबीले प्रभाव पारी बौद्ध धर्ममा दीक्षित गरी तिव्वतका थोनभी नामक विद्वान् मार्फत बौद्ध ग्रन्थको अनुवाद गर्न लगाई तिब्बतमा बौद्ध धर्म प्रचार गरी बौद्ध धर्मको जग बसाली आफ्नो प्रतिज्ञा पूरा गरिन्। नेपालका विद्वान् तथा कलाकारहरूद्वारा तिब्बतमा कुह्मालेको काम, लुगाबुन्ने काम,काष्ठकला, चित्रकला एवं लिपिको प्रचार भयो। भृकुटीको यस्तो महान् देनले तिब्बत विजय गरेको हुनाले भृकुटीलाई तिब्वतीहरूले हरिततारको अवतार मान्दछन्। अंशुवर्माको अवसान पछि गुप्तको कुचक्रले उदयदेव टिक्न नसकी स्रङ्चङगम्पोको शरणमा आउँदा स्रङ्चङगम्पोले उदयदेवलाई नेपालको आफ्नो सम्बन्ध अनुसार मर्यादापूर्वक आफ्नो दरवारमा राखेथे। यसरी भृकुटीले आफ्नो पिता सुहाउंदो काम गरी नेपालको इज्जतमा ठूलो देन राखिन्। त्यसैले यी दुवै बाबु छोरी नेपालको राष्ट्रिय विभूतिमा गनिएका छन्।

अंशुवर्माको अवसान–

भृकुटी विवाहको ५ वर्षबाद शक ५२० ज्येष्ठ कृष्णतिर अंशुवर्माको देहावसान भयो। यो कुराको संकेत टुँडिखेलको अंशुवर्मसंवत् ४५ (शक ५२०) ज्येष्ठ शुक्लको विभुवर्माको अभिलेख र चितलाङको अंशुवर्मसंवत् ४५ (शक ५२०) आषाढ कृष्णद्वादशीको उदयदेवको अभिलेखबाट थाहा हुन्छ। टुंडिखेलको अभिलेखमा अंशुवर्मालाई वर्तमानकाल अर्थमा उल्लेख गरिएको र चितलाङको अभिलेखमा अंशुवर्मालाई भूतकाल अर्थमा उल्लेख गरिएबाट स्पष्ट छ। वंशावलीमा अंशुवर्माको भोगवर्ष ४३

भनी दिएको छ । यसबाट अंशुवर्माले श्री कलहाभिमान परिषद् खडा गरेको ·२ वर्षवाद मात्र त्यस परिषद्को अध्यक्षता ग्रहण गरेको बुझिन्छ । शुरूमा शिवदेव नै त्यस परिषद्को अध्यक्ष थिए भन्ने स्पष्ट छ । त्यसै वंशावलीमा शिवदेवको भोगवर्ष ४१ भनी दिइएको छ । शिवदेवले लिच्छविसंवत् ५३५ (शक ५१३) मा राज्य त्याग गरेको देखिएको हुंदा शिवदेव लिच्छविसंवत् ४९४ (शक ४७२) मा नै राजा भएका थिए भन्ने बुझिन्छ ।

अंशुवर्माको व्यक्तित्व–


अंशुवर्माको अवसान पछि गुप्तहरूले फेरि लिच्छविलाई अँठ्याई राज्यको अधिकार हत्याए थे । ती गुप्तहरूले लिच्छविको अधिकार खतम गरी आफ्नै वंशमा राज्यको अधिकार कायम गराउने काम गरेथे । यस्तै अंशुवर्मा पनि गुप्तहरू भन्दा कम खालका होइनन् भनी कतिपय इतिहासकारहरूले भन्दछन् । तर अंशुवर्माले लिच्छविराजाको अस्तित्व मेट्न कहिल्यै खोजेनन् । लिच्छविवंशकै प्रभुत्व स्थापना गर्न यिनले क्रान्ति गरेथे । यिनी स्वयं जनतालाई अधिकार दिने पञ्चायती प्रजातन्त्रवादी थिए भने शिवदेवबाट जवर्जस्ती दवाव डाली शासन खोस्ने एकतन्त्रवादी थिए भनी अंशुवर्मालाई कलङ्क लगाउन खोज्नु तथा उनी उपर अश्रद्धा पैदा गराउन खोज्नु असंगत हुन्छ । यदि लिच्छविबाट वलजफ्त दवाव डाली विवश पारी शासन खोसेर लिच्छविराजालाई मन कुण्ठित पारेको हुंदो होता मरिसकेका अंशुवर्मालाई लिच्छविराजा उदयदेवले चितलाङको आफ्नो अभिलेखमा आदर पूर्वक उल्लेख किन गर्थे । लिच्छविको तखत उडाउन खोज्ने भनी अंशुवर्मा प्रति यदि जनता रूष्ट हुंदो होता फर्पिङको अभिलेखमा जनताले अंशुवर्मालाई माग किन गर्थे ।

यी अंशुवर्माले आफ्नो हातमा पुरापूर अधिकार भएर पनि लिच्छविको मानगृहमा कहिल्यै वसेनन् । मानगृहको मर्यादा राख्न पनि यिनले कहिल्यै छोडेनन् । लिच्छवि राजा सरह यिनले आफूलाई 'देव' पद तथा 'केतु' विशेषण पनि जोडेनन् । लिच्छविराजा शिवदेवकै अनुग्रहबाट राजासम्म हुने अधिकार यिनले प्राप्त गरेका हुन् । यिनले शिवदेवकै छोरा उदयदेवलाई राज्यको उत्तराधिकारी युवराज घोषणा गरे । टक छाप्दा पनि यिनले मानदेवको टक बमोजिम लिच्छविकुलकेतुको झण्डा एवं लिच्छविको प्रभुत्वको प्रतीक सिंह र अर्कोपट्टि शिवदेवको टक बमोजिम शिवदेवको स्मृतिको प्रतीक काम धेनु टकमा अंकित गरेका छन् । यसपछि छापेको 'महाराजाधिराज श्यं शो' अंकित टक पनि राजा उदयदेवको स्वीकृत लिएरै यिनले पूर्ववत् सिंह अंकित टक छापे जसको अर्कापट्टि सूर्यवंशीको संकेत गरी वीचमा सूर्यमण्डल राखे । इत्यादि कुराबाट अंशुवर्मामा नेपाल राजगद्दी प्रति इमानदारी रहेको व्यक्तित्व झल्कन्छ ।

कलहाभिमान परिषद्का सदस्यहरूले पछि पाएका विभिन्न ओहदा—

भोगवर्मा अंशुवर्माका भानिज हुन् । यिनले तीन पटकसम्म राजप्रतिनिधि दूतकको काम गरे । अन्त्यमा यिनले महासामन्त भन्ने ओहदा पनि पाए । विप्रवर्माले पनि तीन पटकसम्म राजप्रतिनिधि दूतकको काम गरे । अन्त्यमा यिनले महाराजको ओहदा पनि पाए । लच्छागोमीले दूतकको काम गरी प्रतिहारको ओहदा पाए । विक्रमसेनले चाहिं दूतक हुना साथै महासर्वदण्ड नायक भन्ने ओहदा पाएका थिए । अंशुवर्माको क्रान्तिमा यिनले साथ दिएर दूतकको काम सह्यालेका थिए । त्यस क्रान्तिमा विक्रमसेनको ठूलो देन हुंदा उनले शुरूमै महासर्वदण्ड नायक ओहदा पाए । त्यसपछि पनि यिनले दूतक भई सर्वदण्ड नायकको काम सह्यालेका थिए । पछि यिनी शिवदेवको हजुरिया भए र रहे । शिवदेवले राखेको कान्तिपुर ज्यावहालको लिच्छविसंवत् ५३५ (शक ५१३) को अभिलेखमा यिनी दूतक छन् । विन्दुस्वामीले दूतकको काम साथै महावलाध्यक्षको ओहदा पाएका थिए । रामशील वार्त, गुणचन्द्र वार्त, भोगचन्द्र वार्त, देशवर्मा गोमीहरूले पनि दूतकको काम पाएका थिए । यी देशवर्मा वभ्रुवर्माको भतिजा हुन् । वभ्रुवर्मा भौमगुप्तका पक्षपाती थिए । तर यिनका भतिजा देशवर्मा अंशुवर्माको पक्षपाती भई अंशुवर्माको पार्टीमा सम्मिलित थिए ।

यसरी अंशुवर्माले लिच्छविवंशको निमित्त गरेको राजनीति क्रान्ति र अंशुवर्माको क्रमशः अभ्युदय भएको घटनामा मेरो लिच्छविसंवत्को निष्कर्षको तुलनानुसारको आफ्नो तथ्यलाई छर्लङ्ग पारेको छ ।



Palaeolithic Tools from Danda (Naval Parasi Region of Western Tarai in Nepal)

# The Outcomes of the Scientific Mission to Nepal in Brief

*Prof. Dr. Schetenko*

The main tasks facing us in two-months period of staying in Nepal were the following:

1. Establishment of contacts with the Department of Archaeology of Nepal.
2. Acquaintance with the system of protection of cultural heritage of Nepal.
3. Acquaintance with the work of Nepalese archaeologists.
4. Finding out possibly perspective spots for investigation of the ancient periods of the history of Nepal.
5. Finding out the possibilities for the organization of common archeological research of the Nepalese and Soviet archaeologists.

In two months this programme has been fulfilled with positive results.

Accompanied by the representative of the Department of Archaeology of Nepal, Mr. J. L. Sharma, we've travelled along the country, got acquainted with the field work of Nepalese archaeologists, with their methods of conservation and reconstruction of ancient monuments especially in Lumbini and Tilaurakot, the ancient city of Kapilvastu ( in Nepal).

Along with this we had the opportunity to get acquainted with the vast archaeological collection of materials, extracted by the Nepalese and Japanese archaeologists from Rissho University in 10 years of excavation ( 1967-1977).

We've managed to make some important scientific discoveries 36 km to the west from Narayangarh on the first above flood-landed terrace of the Danda river ( tributary to the Narayani river ) the place of Kot-tandi ( District Nawalpur ). Here on the flat square of the river-cape adjoining to the State Reserve in the east, we came across the signs of at least two settlements.

The scattered cultural stratum of the first one has shown the residues of dwelling constructions (the form is not identified so far) made of mud bricks, fragments of ceramics and three specimens of instruments made of polished stone. One safe stone axe of trapezia-form with lens-section and sharpened butt has numerous analogies in archaeological complexes of India, Pakistan and Kashmir in Neolithic and Bronze Ages dated back to III-II millennium B. C. One more fragment of one axe and splinters of a hole are made of the same material-schist. The other settle-

ment is situated on the opposite bank of a narrow dry channel, cutting the terrace and falling into the Danda river. You can outline a right-angled fortress (30m x 30m) here in the corners of which massive ruins of counter-forts-bastions can be definetely seen. The height of the safe walls of the construction erected of mud polley reaches I-I, 5m above the plain. This settlement can be dated approximately from 9-8 cen. B. C. by five types of ceramics. In the main Grey Ware type of ceramics which was found for the first time in the stratum sequence in the south of Nepal (Tillaurakot-the ancient Kapilavastu) prevails here. In the dry bed of the channel stone implements of the Early Palaeolithic Ages were found. They remind of the stone industry of Soan Valley (Pakistan) and can be dated back to Middle Pleistocene.


The second place where we have found some Palaeolithic implements is located in Kathmandu not far from Budhanilkantha in the bed of Dhobi-Khola river. We suppose that the Palaeolithic site itself is situated upstream in the foothills of the Himalayas. This complex has some analogies in Mongolia, China and Soviet Primorye where gobien cores also have been found and can be dated back to 30 millennium B. C.

So as the results of our discoveries we pointed out some key problems the solution of which depends on further archaeological research in Nepal:


1. The problem of the emergence of a protoman in Nepal, the directions of his settling and chronology of this period.
2. The problem of the Older Palaeolithic civilization in view of the contacts of the Europeoid and Mongoloid races. (Civilization of gobien cores)
3. The problem of the establishment of the food production estates and its connection with Neolithic civilizations of Nepal.
4. The problem of the penetration of first Indo-Aryans, their connection with the complexes of Grey Ware and with the complexes of Northern Black Polished Ware.

His Majesty King Birendra Bir Bikram Shah Dev correctly said, "Although Gautam Buddha was born in Nepal, he belonged essentially to the whole world and to all times".

Completing my report I would like to say that the cultural heritage of Nepal is not more local phenomenon but belongs to the whole mankind and contributes substantially to the development of the world civilization. International cooperation in protection and research of the cultural heritage of Nepal could produce the most positive results.



Tools from Budhanilakantha (Kathmandu Valley)




Tools from Budhanilakantha (Kathmandu Valley)

# ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Hari Ram Joshi | Section officer, Ministry of Communication, HMG |
| Shri Shankar Man Rajvanshi | Editor, National Archives (Department of Archaeslogy) |
| Shri Ramesh Jung Thapa | Director, Department of Archaeology, HMG |
| Prof. Dr. Schetenko | Inistitute of Archaeology, Leningrad, U.S.S.R. |

'प्राचीन नेपाल'का निमित्त प्राग्-इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललित कलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनु पर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिने छ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिने छ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनु पर्नेछ ।

प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

**निर्देशक**
पुरातत्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to 'Ancient Nepal'.

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and donot necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.